# परिच्छेदः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको सुरुवात संगै शिक्षा लिने र दिने प्रक्रियाको शुरुवात भएदेखि नै व्यवस्थापनको सुरुवात भएको पाइन्छ । इजिप्ट र रोमन सभ्यातामा व्यवस्थापनको अवधारणा विकसित भएपनि औद्योगिक क्रन्ति पश्चात मात्र औपचारिक व्यवस्थापनको प्रक्रया शुरु भएको मानिन्छ ।सामन्यतया उपलव्ध साधन र श्रोतलाई स्रघ/संस्थाको लक्ष्य तथा उद्देश्य अनुरुप अधिकतम उपलब्धि हासिल हुने गरी सही प्रयोग र परिचालन गर्ने कार्यलाई व्यवस्थापन भनिन्छ ।यसै गरी कुशलतापूर्वक मानिसहरु र श्रोत साधनको उचित प्रबन्ध मिलाउने प्रक्रियालाई व्यवस्थापन भनिन्छ (काफ्ले र पौडेल,२०६४) यसरी मानिस र श्रोतसाधनको व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थापन भन्न सकिन्छ । संस्थाको उद्देश्य हासिल गर्नका लागि संगठनमा प्रयोग हुने विविध साधनहरुको प्रभावकारी ढंगले प्रयोग गर्नु व्यवस्थापन हो ।

koontz & Wetiharich, (1993) का अनुसार व्यवस्थापन एक यस्तो वातावरण निर्माण वा तयार गर्ने प्रक्रिया हो, जसमा व्यक्ति अलग-अलग रुपमा कार्य गर्न सक्छ तर पनि समूहको लक्ष्य प्राप्त गर्नको लागि सहयोगी बन्दछ (कुञ्च र वाईरिच,१९९३)

अपेक्षित लक्ष्य र उद्देश्यहरु प्राप्त गर्नको निम्ति विभिन्न श्रोतहरुको व्यवस्थापन गर्न जरुरी हुन्छ । त्यस्ता श्रोत अन्तर्गत मानवीय, भोतिक आर्थिक र सूचनाका श्रोतहरु पर्दछन् । सामुहिक रुपमा सवै श्रोतहरुको सही परिचालन भएमा त्यसवाट आशातीत परिणाम प्राप्त गर्न सकिन्छ । त्यसैले व्यवस्थापन भनेको अपेक्षित लक्ष्य हासिल गर्न व्यक्ति, श्रोत तथा कार्यविधिको व्यवस्थित रुपमा उचित प्रबन्ध मिलाउनुलाई व्यवस्थापन भनिन्छ (काफ्ले र पौडेल, २०६४:१५३) ।

प्रत्येक संघ/संस्थाको लक्ष्य प्राप्त गर्न तथा तिनको विकासमा मानवीय शक्तिको उचित तथा क्रियाशिल प्रयोग र परिचालन जरुरी हुन्छ । कोइराला र श्रेष्ठ (२०६४) का अनुसार कुनैपनि स्रघ/संस्थामा आर्थिक श्रोत, भौतिक श्रोत, संयन्त्र र मानवीय संसाधन हुनेहुँदा तिनीहरुलाई समन्वयात्मक ढंगवाट उच्च्तम प्रतिफल प्राप्त गर्ने हिसाववाट

परिचालन गरिनुपर्दछ (कोइराला र श्रेष्ठ २०६४) । प्रत्येक संघ/संगठनमा मानवीय संसाधनको व्यवस्थापन अति नै महत्वपूर्ण पक्ष हो । कुनै पनि संगठनको सफलता त्यस संगठनमा संलग्न कर्मचारीको कार्यकौशलता, दक्षता, सीप क्षमता, योग्यता, लगनशिलता, इमान्दारीता, जाँगर, प्रतिभा, कुसलताको समुचित प्रयोग र परिचालनमा भर पर्दछ (के. सी.,२०५९) ।

मानवीय संसाधन व्यवस्थापन अन्तर्गत कर्मचारी, शिक्षक व्यवस्था, तालिम, अल्पकालिन तथा दीर्घकालिन प्रशिक्षण आदि जस्ता पक्षहरु समेटिन्छन भने भौतिक पक्षसंग भौतिक पूर्वाधरको अवस्था, फर्निचर भवन, कम्पाउण्ड, शैक्षिक सामग्री, जग्गा/जमिन लगायतका कुराहरु पर्दछन् । त्यसैले मानवीय संसाधन र भौतिक व्यवस्थापनको उचित समन्वयले मात्र कुनै पनि संगठनको लक्ष्य प्राप्त गर्न सकिन्छ (शर्मा, २०५६) ।

कुनै पनि व्यवस्थापक होस जसको पहिलो कार्य भनेको नै श्रोत व्यवस्थापन हुने गर्दछ । वास्तवमा, व्यवस्थापकले योजना निर्माण गर्ने, तथा मानवीय, आर्थिक, भौतिक तथा सूचनाको श्रोतलाई निर्देशित, नियन्त्रित र संगठित गर्छ । व्यस्थापनको परिपूरक तत्वहरुको रुपमा व्यवस्थापक रहन्छ । तसर्थ व्यवस्थापनको क्षेत्रमा व्यवस्थापनका कार्यहरु महत्वपूर्ण रुपमा रहेका हुन्छन् । यसै सन्दर्भमा विद्वान फोयल (१९३०) ले कुनैपनि व्यवस्थापन पक्षसंग मूलतः योजना वनाउने, संगठित गर्ने, आदेश दिने, समन्वय गर्ने र नियन्त्रण गर्ने अधिकार हुने कुरा उल्लेख गरेका छन् भने अर्का विद्वान लुथर गुलिक(१९३७) ले योजना, संगठन, कर्मचारी, निर्देशन, समन्वय, प्रतिवेदन र वजेटको अवधारणा विकसित गरेका छन् ( कोइराला र श्रेष्ठ, २०६४ वाट उदृत) ।

कुनै पनि संस्थालाई आवश्यक पर्ने मानवीय तथा भौतिक संसाधनको व्यवस्था गर्ने जिम्मेवारी व्यवस्थापकको हुन्छ । संस्थालाई आवश्यक पर्ने विभिन्न स्तरका जनशक्ति नियुक्त गर्नु, तालिमको प्रवन्ध गर्नु, वृत्ति विकासको सुविधा प्रदान गर्नु, संस्थाको विकास र विस्तारका लागि उपयुक्त भौतिक संसाधनको परिचालन गर्नु, रेखदेख गर्नु, त्यसको सुरक्षाको प्रबन्ध गर्नु आदि, सवै कार्य यसैभित्र पर्दछन् । वास्तवमा मानव श्रोत व्यवस्थापन यस्तो प्रकारको नीति प्रक्रिया र क्रियाकलाप हो, जुन कुनै पनि संगठन र व्यक्तिका आवश्यकता लाई समन्वय गर्दै संगठनात्मक उद्देश्य परिपूर्तीमा सघाउ पुऱ्याउने गरी व्यवस्थित हुन्छ । मानव श्रोत व्यवस्थापन एउटा कला समेत हो , जसले व्यक्तिको आवश्यकता तथा

आकांक्षालाई सम्वोधन गर्दै संगठनको आवश्यकता तथा उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने गर्दछ ।

प्राथमिक शिक्षामा श्रोत व्यवस्थापन सम्वन्धी अवधारणामा राष्ट्रिय र अन्तराष्ट्रिय समुदायको चासोको विषय बनेको पाईन्छ । औपचारिक शिक्षाको जग भनेको नै प्राथमिक शिक्षा हो । प्राथमिक शिक्षा जति स्तरीय हुन्छ, औपचारिक शिक्षाको जग पनि उत्ति नै मजवुत हुने भएकाले प्राथमिक शिक्षामा चासो उच्च रहेको छ । प्राथमिक शिक्षाले कृषि पैदावरमा वृद्धि, व्यक्तिगत आयमा वृद्धि, जन्मदरमा नियन्त्रण, स्वास्थ्य र पोषणमा अभिवृद्धि गर्न सहयोग गर्छ । यसको साथै प्राथमिक शिक्षाले राष्ट्रिय भावनाको पैदा गराई एकताको विकास गर्न, सामाजिक, धार्मिक सहिष्णुताको विकास गर्न, स्रोतको औचित्यपूर्ण रुपमा उपभोग गर्न, महिलाहरुको स्थितिमा सुधार ल्यउन तथा द्रुत गतिमा विकास भइरहेको प्रविधिलाई अँगाल्न पद्दत पुऱ्याउछ । यसरी जनजीवनको स्तर बढाई देशलाई प्रगतिको वाटोमा लैजान प्राथमिक शिक्षा अपरिहार्य मानिएको छ । औपचारिक शिक्षाको यो पहिलो खुड्किलो मात्र होईन, यसलाई शिक्षाको आधाशिला कै रुपमा लिन सकिन्छ (सिँह ,२०५७) ।

नेपालको प्राथमिक शिक्षाको विगतलाई नियाल्ने हो भने प्राचिन समयमा गरुकुल, तथा धार्मिक संस्थाहरुमा परम्परागत शिक्षा प्रणालीको प्रभुत्व थियो भने पछि वि.सं. १९५७ साल मा देवशम्शेरले सर्वसाधारणका लागि भाषा पाठशालाको व्यवस्था गरेको भएता पनि वि.सं. १९१० सालमा जंग बहादुरले दरवार स्कूलमा प्राथमिक शिक्षाको स्थापना गरिसकेको समेत पाईन्छ । शिक्षा व्यवस्थित गर्न वि.सं. १९९६ सालमा शिक्षा इस्तिहार जारी भयो । यसै गरी वि.सं. २००७ सालपछि पनि खुलेका विद्यालय, वनेका आयोगहरुले समेत प्राथमिक शिक्षालाई जोड दिदैं आएको पाईन्छ । यसवेलाको स्रोत व्यवस्थापन गर्ने जिम्मेवारी स्वयम समुदायले गर्ने प्रयासको थलनी भएको पाईन्छ (भट्टराई, ०६५) । नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ ले पहिलो पल्ट शैक्षिक व्यवस्थापनको पक्षलाई उजागर गरेको पाईन्छ । यसले तालिमलाई जोड दिदै तालिम प्राप्त र योग्य शिक्षक छनौट गरी मानवीय संसाधनको व्यवस्थापन गर्नुपर्ने कुरालाई जोड दिएको छ । यसै गरी यसपछि बनेको शिक्षा आयोग ARNEC-२०१८, NESP-२०२८-२३२, NEC-२०४९, HNEC-२०५५ र शिक्षा सम्बन्धी उच्चस्तरीय कार्य समितिको प्रतिवेदन २०५८ ले मानवीय संसाधन तथा भौतिक स्रोत व्यवस्थापनका पक्षलाई नीतिगतरुपमा नै समेट्न सुझाव दिएका छन् (शर्मा, २०५९) ।

राज्यको आधारभूत कार्यमूलकका सवै जनतालाई आधरभूत शिक्षा उपलब्ध गराउनु रहेको हुन्छ । यसका लागि मानवीय संसाधन र स्रोतको उचित प्रबन्ध मिलाउनु पर्ने हुन्छ । शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनमा मानवीय, आर्थिक, भौतिक र अन्य पक्षहरुको व्यवस्थापनमा ध्यान दिनुपर्छ । स्रोत व्यवस्थापनको अभावमा प्राथमिक विद्यालयहरु सहज ढंगले अगाडी बढ्न सक्दैन् । त्यसैले शिक्षा नियमावलीको तेस्रो संसोधन २०६२ ले कक्षाकोठाको उचाई ९ फिट तथा घामपानी वाट वचाउ हुने किसिमको हुनुपर्ने ,कक्षागत क्षेत्रफल ०.७५ वर्गमिटर भन्दा कम हुन नहुन, विधार्थी संख्याको आधारमा डेक्स/वेन्चको व्यवस्था हुनुपर्ने , यथेस्ट स्वस्थकर खानेपानीको प्रबन्ध गर्नुपर्ने ,विद्यालयमा छात्र, छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था हुनुपर्ने र पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको बिद्यार्थी वरावर कम्तिमा २ प्रतिका दरले पुस्तक भएको पुस्तकालय हुनुपर्ने, शिक्षण क्रियाकलापका लागि आवश्यक शैक्षिक सामग्री जस्तैः कालोपाटी, नक्सा, ग्लोव, गणितीय सामग्री आदि हुनुपर्ने व्यवस्था गरेको छ । यसैगरी कम्पाण्ड भलिवल, फुटवल खेल्न मिल्ने चौर, खेल सामग्री प्राथमिक उमचारको व्यवस्था, विधालयको हाता कम्पाउण्डले घेरीएको हुनुपर्ने जस्ता व्यवस्था नियमावलीले गरेको छ (शिक्षा नियमावली ,२०५९) ।

विद्यालय शिक्षा प्रणालीलाई व्यवस्थित पार्ने क्रममा समय-समयमा विभिन्न शिक्षा आयोग, उचस्तरीय कार्य समिति , कार्यदलहरुले पनि प्राथमिक तहको शिक्षामा जोड दिदैं आएको तथ्य पाईन्छ । यसै सन्दभमा NEC-२०४९ ले राज्यको कुल वजेटको १५% शिक्षामा छुट्याउनु पर्ने, त्यसको ५५% प्राथमिक तहमा खर्च हुनुपर्ने , यसैगरी कुल ग्राहस्थ उत्पादनको २.७ % खर्च शिक्षामा हुदै आएको छ ( खनाल, २०६१) । यसरी सरकारले अन्तराष्ट्रिय रुपमा सर्वसुलभ ढंगले सवै जनतालाई प्राथमिक शिक्षा प्रदान गर्ने प्रतिबद्धता जनइसकेको छ । अझै पनि १८ % बिद्यार्थीहरु प्राथमिक बिद्यालय वाहिर छन् । तिनीहरुलाई शिक्षा प्रदान गर्नु चुनौतिपूर्ण छ । कतिपय पिछाडिको वर्ग जातजाती र समुदाय एवम् भौगोलिक रुपले विकट स्थानहरुमा यो समस्या अझ बढिरहेको छ ( विष्ट, २००४ ) । त्यसैले प्राथमिक विद्यालयमा आवश्यक स्रोतहरुको व्यवस्थापन मार्फत सवैका लागि शिक्षा प्रदान गरिनु अत्यावश्यक भैसकेको छ । त्यसैले यो अध्ययन प्राथामिक विद्यालयहरुमा मानवीय संसाधन र स्रोत व्यवस्थापन कसरी कुन रुपमा भैरहेको छ र स्रोत व्यवस्थापनका समस्याहरु के-के छन् भन्ने सम्वन्धमा केन्द्रित छ ।

## १.२ समस्याको कथन

नेपालका अधिकांश विद्यालयहरुले स्रोत व्यवस्थापनको समस्या भोगिरहेकाछन् । कतिपय विद्यालयहरुमा आवश्यक शिक्षक तथा कर्मचारीको व्यवस्था छैन । भौतिक सुबिधाहरुको अभावमा विधार्थीलाई खुल्ला चौरमा पढाउनुपर्ने स्थिति बिद्यमान छ । यस किसिमका समस्या मूलतः मानवीय, आर्थिक, भौतिक स्रोत व्यवस्थापनको बिषयमा केन्द्रित छन् । विद्यालयमा शिक्षक, कर्मचारी व्यवस्थापनको विषय गम्भिर रुपमा उठेको अवस्था विधमान छ । शिक्षक, कर्मचारीको सेवाशर्त र सुविधामा भिन्नता छ । कतिपय शिक्षकले अधिक कक्षाभार व्यहोरी रहेका छन् । यो समस्या खास गरी मानवीय संसाधन र स्रोत व्यवस्थापन वीच हो ।

प्राथमिक तहमा पढ्न आउने विधार्थीहरु नियमित विद्यालय आउदैनन् । जसको परिणाम सिकाइ उपलब्धि न्यून हुदै गइरहेको छ । विद्यालयमा कक्षा कोठा, डेक्स, वेन्च, शैक्षिक सामग्रीको अभाव छ । यसैगरी खानेपानी, शौचालय, खेलमैदान, चमेना गृह, स्वास्थ्योपचारको अभाव रहेको छ । विद्यालयमा स्रोत जुटाउन सरोकारवालाहरु वीचमा समन्वयको अभावका कारण स्रोत व्यवस्थापनको उचित प्रबन्ध हुन सकिरहेको छैन । त्यसैले यसै स्थितिलाई मध्यनजर गरी प्राथमिक विद्यालयमा मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापन वीच अवस्था कस्तो छ ? समस्या र चुनौतिहरु के के छन् ? यसमा सरोकारवालाहरुको धारणा के छ ? आदि पक्षलाई समेटि यो अध्ययन गरीएको छ ।

## १.३. अध्ययनको औचित्य

विद्यालयको उद्देश्यहरु परिपूर्ती गरी राष्ट्रिय लक्ष्य प्राप्ति गर्न मानवीय ,भौतिक र आर्थिक स्रोत लगायतका पक्षहरुको व्यवस्थापन गर्नुपर्ने हुन्छ । खासगरी भौतिक व्यवस्थापनको चुनैति सवै विद्यालयहरुले सामना गरिरहेका विषयहरु हुन । विद्यालयमा एकातिर पर्याप्त शिक्षक तथा कर्मचारी छैनन् भने अर्को तिर भौतिक साधनहरु अपर्याप्त छन् । यसले शैक्षिक लक्ष्य प्राप्त गर्ने दिशामा अवरोध खडा गरेको छ । जव सम्म संस्थामा संलग्न जनशक्तिहरुको मनोवल, आत्मवल वलियो हुँदैन तव सम्म अपेक्षित उपलब्धि हासिल

हुन सक्दैन । त्यसैले यो अध्ययन यिनै मुलभूत मुद्दाहरुमा केन्द्रित भई वास्तबिकता पहिचान गर्न सक्षम छ। जसले सरोकार वालालाई सहयोग पुऱ्याउने विश्वास गर्न सकिन्छ ।

प्राथमिक विद्यालयको शिक्षक व्यवस्थापनको वास्तबिकताको खोजीमा यस अध्ययनलाई केन्द्रित गरी विद्यालयको शिक्षक व्यवस्थापनको विधमान अवस्थाको स्थितिको ज्ञान गराई भौतिक स्रोत व्यवस्थापनसंग त्यसको सम्वन्ध पहिचान गराई सम्वन्धित पक्षको ध्यानाकर्षण गराउन यो अध्ययन केन्द्रित छ । त्यसैले आगामी दिनमा नीति निर्माता कार्यक्रमबिद लाई सहयोग पुऱ्याउने समेत विश्वास गरीएको छ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरु राखिएका छन् :

१) प्राथमिक विद्यालयको मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनको अवस्था अध्ययन गर्नु ।

२) मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनमा सरोकारवालाहरुको धारणा पहिचान गर्नु ।

३) विद्यालयमा मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनका समस्या र चुनौति पत्ता लगाई निराकरणका उपाय सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

माथि उठाइएका बिमिन्न सवालहरुसंग सम्वन्धित प्रश्नहरुलाई एकिकृत रुपमा समेट्दै निम्न अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन् :

१) प्राथमिक विद्यालयमा मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनको वास्तविक स्थिति के छ ?

२) सरोकारवालाहरुले विद्यालयको मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनको दिशामा के कस्तो दृष्टिकोण लिएका छन् ?

३) राज्यका तर्फवाट विद्यालयको मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनका सम्वन्धमा लिएका नीतिहरु के-कस्ता छन् ?

४) मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनका समस्या र चुनौतिहरु के-के रहेका छन् ?

५) उक्त समस्या र चुनौतिहरुको सामना विद्यालयहरुले कसरी गरिरहेका छन् ?

## १.६. अध्ययनको परिसीमा

यो अध्ययन स्रोत व्यवस्थापनका विविध पक्षहरु मध्ये मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनमा मात्र सिमित रहेको छ । अनुसन्धानकर्ताको सिमित समय, स्रोत र साधनका दृष्टिले जिल्ला भरीका सवै विद्यालयहरुको अध्ययन गर्न कठिन हुने भएकाले यसलाई सुनसरी जिल्ला अन्तर्गत इटहरी नगरपालिका भीत्रका ६ वटा सामुदायिक विद्यालय र सम्वन्धित विद्यालयका प्र अ. , शिक्षक, विद्यालय व्यवस्थापन समितीका पदाधिकारी, अभिभावकहरुमा मात्र सीमित गरिएको छ । यस भीत्र पनि प्राथमिक विद्यालय खण्ड भीत्र मात्र अध्ययन लाई सीमित गरिएको छ ।

## १.७ परिभाषा र व्याख्या

| | |
|---|---|
| मानवीय संसाधन | : संस्था संचालनका लागि परिचालन गरिएको मानिस । |
| भौतिक स्रोत | : संस्था संचालनका लागि आवस्यक फर्निचर । |
| व्यवस्थापन | : कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्य । |
| प्राथमिक विद्यालय | : कक्षा १-५ सम्मको शिक्षा प्रदान गर्ने निकाय । |
| सामुदायिक विद्यालय | : नेपाल सरकार वाट नियमित रुपमा अनुदान पाउने गरी स्वीकृति प्राप्त विद्यालय । |
| शिक्षक | : विद्यालयमा कार्यरत व्यक्ति । |
| स्रोत व्यक्ति | : सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुको कार्य कुशलतामा वृद्धिगर्न आवस्यक तालिम , राय सुझाव दिने व्यक्ति । |
| अभिभावक | : सामुदायिक विद्यालयमा अध्ययनरत वालवालिकाहरुका आमा , वावु , दाजु, दिदी वा संरक्षक । |

# परिच्छेद : दुई

# सैदान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

अध्ययनको यस खण्डमा अध्ययनको सैद्धान्तिक खाका र अध्ययन संग सम्वन्धित पूर्व साहित्यको पुनरावलोकन गरिएको छ । यसलाई व्यवस्थित वनाउन दुई खण्डमा विभाजन गरी पहिलो शीर्षकमा अध्ययनको सैद्दान्तिक ढाँचा र देस्रो शीर्षकमा अध्ययनसंग सम्वन्धित साहित्यको पुनरावलोकन गरीएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक खाका

यस अध्यायमा सैद्दान्तिक खाकाको रुपमा बैज्ञानिक व्यवस्थापनको सिद्धान्त (Sciectific Managementy theory ) र मानव सम्वन्ध सिद्धान्त (Human relation Theory) लाई सैद्धान्तिक खाकाको रुपमा उपयोग गरीएको छ । मूलतः यो अध्ययन प्राथमिक विद्यालयमा मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनमा केन्द्रित रहेको हुँदा मानवीय सम्बन्ध र भौतिक स्रोत वीचको सम्वन्धले मार्ग निर्देश गर्ने हुनाले यी दुवै सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा उपयोग गरिएको छ । यी दुवै सिद्धान्तले मानवीय र भौतिक स्रोत व्यवस्थापन कसरी गरीनाले विधार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्छ भन्ने तथ्यगत कुरालाई प्रस्तुत गरेको छ । यसैगरी यी सिद्धान्तले सिकाइ हुन व्यवहारिक ढंगवाट हुनुपर्ने र त्यसको सम्वन्धले उत्पादकत्व बढाउने सन्दर्भसंग फरक-फरक चिन्तन प्रस्तुत गरेकाछन् ।त्यसैले दुवैखाले सिद्धान्तलाई यहाँ उल्लेख गर्नु बढी सान्दर्भिक देखयो ।

### २.१.१ वैज्ञानिक व्यवस्थापनको सिद्धान्त

कुञ्च र वाइरिच (१९९१) का अनसार फ्रेडरिक टेलर (१९१५) ले वैज्ञानिक व्यवस्थापनका सम्वन्धमा नविन विचारहरु दिइएका छन् । टेलरले व्यवस्थापन कार्य गर्दा समस्याको समाधान वैज्ञानिक ढंगले गर्नुपर्छ भन्ने कुरामा जोड दिएका छन् । उनको सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिती, कार्य विश्लेषण, कार्य तथा कामदार उपर्युक्त हुनुपर्ने , व्यवस्थापकले कार्यको जिम्मिवारी लिनुपर्ने जस्ता कुरामा जोड दिइका छन् । यस

विधिले कार्य सम्पादनमा द्रुतता बढाउन, दक्षता बढाउन, सहयोग र उत्प्रेरणा प्रदान गर्छ । जसले संस्थाको लक्ष्य प्राप्त गर्न सहजता प्रदान गर्छ ( विष्ट, २०६४वाट उदृत ) ।

टेलर (1915) को सिद्धान्तमा कामदारको परम्परागत कार्य शैलीलाई परिवर्तन गरी वैज्ञानिक वनाउनु पर्छ । कामदारको छनौट वैज्ञानिक प्रकारवाट गर्नुपर्छ, छानिएका कामदारलाई तालिम दिई दक्षतापूर्वक काम सिकाउनुपर्छ । कामदारलाई कार्यप्रति अधिकतम परिचालन गर्दै उत्पादकत्व बढाउने वातावरणमा जोड दिनुपर्छ । यसका लागि काम गर्ने वातावरण र विधिमा सुधार, समय तथा गति अध्ययन, कार्यको प्रमाणीकरण, कार्यगत सगठन प्रयोग कामदारको छनौट, व्यवस्थापन र तालिम लगायतका काम गर्नुपर्ने सुझाव दिएका छन् ( ढकाल २०५६) । यसरी हेर्दा यो सिद्धान्तले व्यवस्थापनका क्षेत्रमा मात्र नभई शिक्षाको क्षेत्रमा समेत उत्तिकै प्रभाव पारेको छ । विद्यालयको व्यवस्थापनमा सरोकारवाला व्यक्ति , प्रधानाध्यापक ,शिक्षक, कर्मचारी, वि.व्य.सं का पदाधिकारी अभिभावक सवैको वीचमा आत्मिय सहयोग , सम्वन्ध र सामञ्जस्यता स्थापित हुनुदपर्दछ । विद्यालयको योजना निर्माण गरी मानवीय र भौतिक स्रोत/साधनको परिचालन वाट शिक्षाका उद्देश्य पूरा गर्न यो सिद्धान्त हुदैं आएको पाईन्छ ।

शर्मा ( २०५६) ले वैज्ञानिक व्यवस्थापनको प्रयोग शिक्षा क्षेत्रमा निम्नानुसार हुदै आएको कुरा उल्लेख गरेका छन् ।

- शिक्षा व्यवस्थामा प्रजातान्त्रिक संस्कार भित्रिन गयो । पाठ्यक्रम निर्माण देखि शिक्षाका सम्पूर्ण क्रियाकलापमा शिक्षकको सहभागितालाई प्रयोगमा ल्याउने प्रयास हुन गयो ।
- शिक्षा प्रशासनलाई प्रजातान्त्रिकरण गर्न थालियो, व्यवस्थापक र शिक्षक बीचको सम्बन्धलाई सुमधुर बनाउनु पर्दछ भन्न थालियो ।
- शिक्षा विकासमा सामाजिक संघ, राज्य र अन्य निकाय सबैको सामुहिक जिम्मेवारीको धारणाको विकास हुन गयो ।
- नेतृत्वको तानाशाही प्रवृति हटाई प्रजातान्त्रिक ढङ्ग अनुरुप काम गर्नु पर्दछ भन्न थालियो । बालकको शिक्षण सिकाइ प्रजातान्त्रिक धारणा अनुरुप हुनुपर्दछ भन्ने धारणा आयो ।
- विद्यालयको विकासमा सबैको सहभागिता हुनुपर्दछ भन्न थालियो (ढकाल, २०५६, पे. २२-२३) ।

### २.१.२ मानव सम्वन्ध सिद्धान्त

मानव सम्बन्ध सिद्धान्तको विकास प्राध्यापक जर्ज इल्टन मायो, मेरी पार्कर फलेट हुन । यद्यपी यस सिद्धान्तका प्रवर्तकका रुपमा जर्ज इल्टन मायो (१८८०-१९४९) लाई मानिन्छ (अग्रवाल,२००६) । मानव सम्बन्ध सिद्धान्तले मानव सम्वन्ध भनेको व्यवस्थापन र कामदारको अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । व्यक्तिको सोचाई, प्रवृति र व्यवहार अर्को व्यक्तिसंग कसरी प्रस्तुत हुन्छ त्यसमा नै मानव सम्बन्ध निर्भर हुने गर्दछ । यसमा मनोविज्ञान, व्यक्तिगत गुण र मानवीय तत्वले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । यसरी मानव सम्बन्धका विविध आयामहरुलाई मध्यनजर गरेर विद्यालयका व्यवस्थापनका हरेक सवालमा राम्रो आपस्त सम्बन्ध कायम गर्न मानव सम्बन्ध सिद्धान्तले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

मानव सम्बन्ध सिद्धान्त सन १९५० को प्रचलित सिद्धान्त हो । यस अगाडीका सिद्धान्तले संगठनकार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेको कारण यो सिद्धान्तको शुरुवात भएको हो । शास्त्रीय व्यवस्थापनले काम गर्ने ठाउँमा मेलमिलाप र उत्पादन कार्य कुशल्तामा सन्तोषप्रद सुधार ल्याउन नसकेकाले व्यवहारिक व्यवस्थापनमा नयाँ-नयाँ बिचारहरु बिकसित भएका हुन् । कुनै पनि संगठनमा कार्य गर्नेहरुका वीच राम्रो मानव सम्बन्ध कायम भएमा काम सम्पादन चाडो राम्रो स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो, नराम्रो र कम गुणस्तरीय हुने कुराले धेरैमा छुन थाल्यो । त्यसैले यस सिद्धान्तलाई Interpersonal Behaviour पनि भनिएको छ (कोइराला र श्रेष्ठ ,२०६२ वाट उद्दृत ) ।

मानव सम्बन्ध भन्नले मानवलाई मानव जस्तो व्यवहार गर्नुपर्छ मानवलाई संगठनको वस्तु वा अन्य कुनै सम्पतिको रुपमा लिनु हुदैन । यसको आफ्नै मानवीय अस्तित्व छ भनी स्वीकार गर्नुपर्छ । यदि सवै मिलेर उद्देश्यहरु पूर्ती गर्नु छ भने एकले अर्कोलाई पक्कै चिन्नुपर्छ । यसप्रकार मानव सम्बन्ध यस्तो कला हो, व्यवस्थापकले बुझेर व्यवहार गर्नुपर्छ । जति धेरै मानवीय सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भै काममा स्तरीयता एवम् प्रभावकारीता हासिल हुन्छ भन्ने मानव सम्वन्ध सिद्धान्तको सार हो ।

(ढकाल २०५६) ले मानव सम्बन्ध सिद्धान्तको प्रयोग शिक्षा क्षेत्रमा निम्नानुसार हुँदै आएको कुरा उल्लेख गरेका छन् ।

- शिक्षा व्यवस्थामा प्रजातान्त्रिक संस्कार भित्रन गई पाठ्यक्रम निर्माण देखि शिक्षाका सम्पूर्ण क्रियाकलापमा शिक्षकको सहभागितालई प्रयोगमा ल्याउने प्रयास हुन गयो ।
- शिक्षा प्रशासनलाई प्रजातान्त्रिक गरिन थालियो । व्यवस्थापक र शिक्षक वीचको सम्वन्ध लाई सुमधुर वननउनु पर्छ भन्न थालियो ।
- शिक्षा विकासमा सामाजिक संघ, राज्य र अन्य निकाय सवैको सामुहिक जिम्मेवारीको धारणाको विकास हुन गयो ।
- नेतृत्वको तानाशाही प्रवृति हटाई प्रजातान्त्रिक ढंगअनुरुप काम गर्नुपर्छ भन्न थालियो ।
- वालकको शिक्षण सिकाई प्रजातान्त्रिक धारणा अनुरुप हुनुपर्दछ भन्न थालियो ।
- विद्यालयको विकासमा सवैको सहभागिता हुनुपर्दछ भन्ने धारणाहरुको विकास हँदै आयो (ढकाल,२०५६ :२२-२३ वाट उदृत) ।

## २.२ सम्वन्धित साहित्यको पुनरावलोकन

यस अध्यायमा प्राथमिक विद्यालयको मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनका सम्वन्धमा भए गरेका खोज तथा अनुसन्धानमूलक साहित्यहरुको पुनरावलोकन गरिएको छ । जसलाई यस प्रकार उल्लेख गरिएको छ ।

अधिकारी (२००९) ले गरेको प्राथमिक विद्यालयमा स्रोत व्यवस्थापन सम्बन्धी शीर्षकको शोध अनुसन्धानमा व्यवस्थापनका ४ पक्ष जस्तै :- मानवीय, आर्थिक, भौतिक र सूचनालाई समेटेका छन् । अनुसन्धानकर्ताले प्राथमिक विद्यालयमा स्रोत परिचालनको प्रक्रिया समस्या चुनौति र मुद्दाहरुको पहिचान गर्ने मूख्य उद्देश्य राखी गरेको यो शोध सिक्किमको खाम्दोङ्ग गा.वि.स.का २ वटा प्राथमिक विद्यालयमा सूचना संकलन गरेको छ । उक्त अध्ययनले अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र विद्यालय प्रशासकहरुमा स्रोत परिचालन सम्वन्धी ज्ञानको कमी रहेको र त्यसले गर्दा शैक्षिक उपलब्धि ,सफलता प्राप्त गर्न नसकेको औल्याएको छ । यसै गरी विद्यालय-समुदाय सम्बन्ध सुमधुर बनाउनु पर्ने, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई स्रोत व्यवस्थापनको तालिम प्रदान गर्नुपर्ने तथा शिक्षकहरुलाई कक्षाकोठाको प्रभावकारी

व्यवस्थापन सम्वन्धी तालिम दिनुपर्ने सुझाव शोध प्रतिवेदनमा उल्लेख गरेको पाईन्छ (अधिकारी, २००९) ।

भट्टराई , ( २०६५) ले गरेको बिद्यालयको स्रोत परिचालन सम्बन्धी अध्ययन पनि यस अध्ययनसंग मिल्दो जुल्दो अध्ययन हो । शोधकर्ताले विद्यालयको स्रोत परिचालनको अवस्थाको विश्लेषण गर्ने मूख्य उद्देश्य राखेर गरेको यो अध्ययन स्याङजा जिल्लाको थुमपोखरा गा.वि.स. भित्रका २ वटा प्राथमिक बिद्यालयहरुको स्रोत व्यवस्थापनको पहिचान गरेका छन् । उनले समुदायमा हस्तान्तरित विद्यालयमा खानेपानी, कक्षाकोठा, खेलमैदान, शौचालय (छात्र/छात्रा) को समस्या रहेको , आम्दानीको मुख्य स्रोत सरकारी अनुदान मात्र रहेको तथा अधिकांश रकम शिक्षकको तलव,भत्ता र प्रशासनिक कार्यमा खर्च हुने गरेको तथ्याङ्क प्रस्तुत गरेका छन् । यसैगरी स्रोत व्यवस्थापनका चुनौतिहरुमा बिद्यार्थी शूल्क उठाउन कठिनाई, कमजोर आर्थिक अवस्थाका अभिभावक, दिगो आर्थिक स्रोतको अभाव, स्थानीय निकाय र संघ संस्थाको सहयोगमा निरन्तरता नहुनु आदि रहेको उल्लेख गरेका छन् । सोही विद्यालयमा स्रोत व्यवस्थापन र परिचालनका लागि आय वृद्धि कार्यक्रम संचालन गर्ने, जनचेतना कार्यक्रम संचालन गर्ने तथा नीतिगत र कानूनी सुधार समेत गर्नुपर्ने सुझाव समेटिएको छ ( भट्टराई, २०६५) ।

पाठक ( २०६५) का अनुसार विद्यालयको आर्थिक तथा भौतिक अवस्थाले शिक्षक व्यवस्थापनमा प्रधानाध्यापकलाई कठिनाई भएको देखाएको छ । विद्यालयको भौतिक अवस्था कमजोर , कक्षाकोठाको आकार प्रकारका कारण शिक्षकले आवश्यक शिक्षक विधि तथा शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको उल्लेख गरेको छ । यसैगरी अनुसन्धानकर्ताले आफ्नो तत्परता देखाए पनि उचित आर्थिक एवम् भौतिक तत्वका कारण प्र.अ. ले चाहेर पनि मानव सोत व्यवस्थापनमा सफलता प्राप्त गर्न नसकेको देखाएकाछन् (पाठक, २०६५ ) ।

खरेल (२०५७) का अनुसार संगठनमा प्रयोग हुने विभिन्न साधनहरु मध्ये अन्य साधनहरु संस्थाको उद्देश्य प्राप्तिका लागि स्व-चालित हुदैनन् भने ती साधनहरुलाई संचालन गर्नका लागि प्रयोग हुने अर्को महत्पूर्ण साधन मानव संसाधन हो । अन्य साधनहरुका साथमा मानिसहरुको सीप, क्षमता, दक्षता प्रयोग गरी प्रभावकारी ढंगले संस्थागत उद्देश्य प्राप्त गर्नुलाई मानव संसाधन भानिन्छ । मानव संसाधन व्यवस्थापन अन्तर्गत मानव संसाधनको योजना, उनिहरुको खोज तथा प्राप्ति, उत्प्रेरण तालिम तथा

विकास, कर्मचारीको कार्य सम्पादनको मूल्याङकन, उचित पारिश्रमिकको व्यवस्था, व्यवस्थापन र कर्मचारी वीचको उचित प्रबन्ध आदि कुराहरु पर्दछन् (खरेल, २०५७) ।

विष्ट (२००४) ले दार्चुला जिल्लामा गरेको मानव स्रोत व्यवस्थापन नामक अध्ययन प्रतिवेदनमा अधिकांश विद्यालयहरुमा आवश्यक मात्रामा शिक्षकहरु उपलब्ध छैनन् । उपलब्ध शिक्षकहरु मध्ये पनि कतिपय तालिम अप्राप्त छन् । तालिम प्राप्त शिक्षकहरुले पनि तालिम वाट सिकेको ज्ञान सीपलाई पूर्णरुपमा लागू गर्न सकेको छैनन् । धेरै जसो बिद्यालयमा बिद्यार्थीहरु नियमित उपस्थिति नहुने गरेको पाईयो । विद्यालयमा प्र.अ. बिद्यालयको समय तालिका (१०:००-४:००) अनुसार चल्ने गरेको पाइएन । मानव स्रोत व्यवस्थापनमा न त प्र.अ. ले चासो देखाए न त बि.व्य.स. ले नै सक्रियता देखाए । बिद्यालय भवन अध्ययन गरिएको क्षेत्रमा अनुकुल अवस्था रहेको पाइदैन । करिव ९१% विद्यालय भवनहरु बिद्यार्थीका लागि उपर्युक्त नभएको उल्लेख गरेका छन् । यसै गरी अधिकांश (६०.९%) बिद्यालयका छानो चुहिएर शिक्षण कार्य प्रभावित हुने गरेको, ३१.५८% बिद्यालयमा कालोपाटी समेत नभएको, ३८.४६% बिद्यालयमा बिद्यार्थीका लागि कक्षाकोठामा प्रयाप्त  ठाउँ नभएका, ७६.९२% बिद्यालयमा शौचालय, खेल मैदानको छुट्टाछुट्टै व्यवस्था नभएको, ८४.३२ % मा शुद्ध खानेपानीको अभाव रहेको तथ्य प्रस्तुत गरेका छन्
(विष्ट,२००४ ) ।

सेरिङ (२००२) को प्रतिवेदनले प्राथमिक बिद्यालयमा हुने कुल खर्च मध्ये करिब ८०% खर्च शिक्षक तलव भत्तामा हुने, ९% विद्यालय मर्मत तथा फर्निचरमा हुने, ३% स्टेशनरी र शैक्षणिक सामग्रीको खरिदमा मात्र २% अतिरिक्त क्रियाकलाप र छात्रवृत्तिमा हुने र बाँकी ६ % अन्य कार्यक्रममा खर्च गरिने उल्लेख गरेको छ । यसैगरी सो प्रतिवेदनले अधिकांश सामुदायिक बिद्यालयले बिद्यालयमा प्राप्त अनुदानलाई शिक्षक तलव र स्टेशनरीमा खर्च गरिने कुरा उल्लेख गरेको छ । उक्त अध्ययन प्रतिवेदनले ४१% बिद्यालयसंग शौचालय सुविधा नभएको, ७४% मा छात्रछात्राका लागि अलग-अलग शौचालय नभएको ३१% मा खानेपानी को उचित प्रबन्ध नभएको , ६.३% मा कालोपाटी छैन, २५% मा एक अर्को कोठामा साटफेर गरेर कालोपाटी प्रयोग गर्छन् जस्ता तथ्य प्रस्तुत गरेको छ । यसै गरी अधिकांशविद्यालयका कक्षाकोठामा प्रकाशको व्यवस्था तथा भेन्टीलेसनको अवस्था सन्तोषजनक नभएको समेत कुरा प्रतिवेदनमा उल्लेख गरेको छ (सेरिड, २००२) ।

## २.३ शैक्षिक उपादेयता

यस अध्ययनका लागि  प्रयोग गरिएका वैज्ञानिक व्यवस्थापन सिद्धान्त र मानव सम्वन्ध सिद्धान्तले फरक-फरक धारणा प्रस्तुत गरेता पनि अन्ततोगत्वा संगठन भित्रका कामदार वीच सुमधुर सम्वन्ध कायम गरी उत्पादन क्षमता बढाउन सकिने कुरामा जोड दिएका छन् । यसैगरी संगठनमा कामदारको छनैाट, व्यवस्था र तालिम कार्यक्रम मा समेत बैज्ञानिक व्यवस्थापनका साथै सुमधुर सम्वन्ध कायम हुनुपर्ने कुरामा जोड दिइएको छ । यस प्रकार यी सिद्धान्तको प्रयोग शिक्षा क्षेत्रको व्यवस्थापनमा समेत हुँदै आएको छ । शैक्षिक व्यवस्थापनमा प्रयोग हुँदा जुन उपलब्धिहरु शिक्षा क्षेत्रले पायो त्यसका आधारमा मेरो अध्ययनवाट तथ्याङ्कको व्याख्या, विश्लेषण गर्न पद्दत पुग्यो ।

यसैगरी प्राथमिक बिद्यालयको मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा गरिएका साहित्यको पुनरावलोकनले बिद्यालयमा मानवीय संसाधनको अभाव, तीनको परिचालन सुव्यवस्थित हुन नसकेको , भौतिक सुबिधाको कमी रहेको , त्यसको परिचालन वैज्ञानिक नभएको प्र.अ. वि.व्य.स.ले व्यवस्थापन सम्बन्धी तालिम पाए पनि प्रयोग हुन नसकेको जस्ता तथ्यहरु प्राप्त भए । यी तथ्यगत विषयले मेरो अध्ययनलाई पूर्णता प्रदान गर्न , व्याख्या, विश्लेषण गर्दै निष्कर्ष निकाल्न महत्वपूर्ण भूमिका खेलेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययनमा प्राथमिक विद्यालयको मानवीय संसाधन र भौतिक श्रोत व्यवस्थापनको अवस्था र समुदायको पहिचान गर्ने उद्देश्य राखेर गरिएकाले यस अध्ययन मा वर्णनात्मक तथा बिश्लेषणात्मक अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । यसै गरी प्राप्त तथ्याङ्कलाई संख्यात्मक रुपमा समेत प्रस्तुत गरिएको यो अनुसन्धानमा गुणात्मक र परिमाणात्मक दुवै ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रक्रिया

**क) जनसंख्या** :- यस अध्ययनका लागि सुनसरी जिल्लाको इटहरी स्रोत केन्द्र भित्र संचालित सामुदायिक प्राथमिकविद्यालय, त्यसका सरोकारवाला पक्ष, कार्यरत प्रधानाध्यापक, शिक्षक , बिधार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्रोत व्यक्ति, वि.नि. समेत लाई यस अध्ययनको जम्मा जनसंख्या ( Universe) को रुपमा लिईएको छ ।

**ख) नमूनाको आकार** :- इटहरी स्रोत केन्द्र भित्र संचालित २९ वटा सामुदायिकविद्यालय मध्ये इटहरी न.पा. भीत्र अवस्थित १३ वटा वटा सामुदायिकविद्यालय मध्ये वाट ६ वटा विद्यालयलाई नमूनाको रुपमा छनौट गरी देहाय अनुसारको नमूनाको आकार निर्धारण गरी सूचना संकलन गरिएको थियो ।

तालिका ३.१, नमूनाको आकार

| विवरण / बिधालय | प्र.अ. | शिक्षक / शिक्षिका | बि.व्य.स. अध्यक्ष |
|---|---|---|---|
| जनता मा.वि. | १ | २ | १ |
| कचना मा.वि. | १ | २ | १ |
| कविर नि.मा.वि. | १ | २ | १ |
| वूढीगंगा प्रा.वि. | १ | २ | १ |
| शान्ति प्रा.वि. | १ | २ | १ |
| रक्तमाला प्रा.वि. | १ | २ | १ |

स्थलगत सर्वेक्षण, २०६७

**ग) नमूना छनौट बिधि** :- यस अध्ययनका लागि आवस्यक पर्ने तथ्यांक संकलन गर्न नमूनाको छनौट गर्दा इटहरी न.पा. भित्रका ६ वटा सामुदायिक विद्यालय, प्र.अ. र वि.व्य.स. का अध्यक्षको छनौट गर्दा उद्धेश्यमुलक नमुना छनौट विधि, शिक्षकको छनौट चिट्ठा प्रणाली बिधिको प्रयोग गरी नमुनाको छनौट गरिएको छ ।

**घ) नमूना छनौटको आधार** :- प्रस्तुत अध्ययन स्नातकोत्तर तहको आँशिक आवश्यकता परिपूर्तीका लागि गरिएकाले अनुसन्धानकर्ताको सीमित, साधन , स्रोत र समयका वीचमा सम्पन्न गरिएकाले यसका लागि नमूना छनौट गर्दा भौगोलिक परिवेश , यातयातको सुगमताको अवस्था, आफ्नो कार्य क्षेत्रस्थल, समावेशी (जातीय, भाषिक) तथ्याङ्क प्राप्तिको विश्वसनियता र वैधता समेतलाई आधार बनाइएको थियो भने अध्ययनकार्ताको आर्थिक, समय र श्रम आदि सवै पक्षवाट समेत अनुकुल बनाई नमूनाको छनौट गरिएको छ ।

## ३.३ तथ्यांक संकलनका साधन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न निम्नानुसारका अनसन्धानका साधनको प्रयोग गरिएको थियो :–

क) अन्तवार्ता तालिका

ख) अवलोकन

ग) समूह छलफल

घ) अभिलेख अध्ययन

## ३.४ तथ्याङ्कको स्रोत

अनुसन्धानका आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न मूलत २ प्रकारका स्रोतहरुको उपयोग गरिएको थियो ।

**क) प्राथमिक स्रोत** : यसका लागि अनुसन्धानकर्ता स्वयम् उपस्थित भई प्रत्यक्ष सम्पर्क गरी अन्तरवार्ता , अवलोकन र छलफल गरी तथ्याङ्क संकलन गरिएको थियो ।

**ख) सहायक/द्बितीय स्रोत** :- यसका लागि नमूना बिद्यालयको अभिलेख,विद्यालयले प्रकाशन गरेका स्मारिका को प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.५ तथ्याङ्क बिश्लेषण प्रक्रिया

अनुसन्धानका साधनहरुको प्रयोग गरी प्राप्त भएका तथ्याङ्कहरुलाई आवश्यकतानुसार निर्धारण गरिएको उद्देश्य अनुसार तालिकीकरण गर्दै गुणात्मक एवम् तथ्याङ्क शास्त्रीय बिधिको प्रयोग गर्दै बिश्लेषण गरिएको छ । यसैगरी प्रस्तावनामा उल्लेख गरिएका उद्धेश्य अनुसार उपर्युक्त शिर्षकको चयन गरी प्राप्त तथ्याङ्कलाई क्रमशः प्रस्तुतीकरण गर्दै सैदान्तिक खाका र सम्बन्धित साहित्यसँग समिश्रण गर्दै तिनीहरुको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्कको ब्याख्या र बिश्लेषण

यस अध्यायमा सुनसरी जिल्ला अन्तर्गत इटहरी न.पा. भीत्र अवस्थित सामुदायिक प्रथमिकविद्यालयमा संचालनमा भएका मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनका सन्दर्भमा प्राप्त जानकारी, सूचना तथा तथ्याङ्कलाई प्रस्तावनामा उल्लेख गरिएको उद्देश्य अनुसार क्रमशः उपर्यूक्त शीर्षक, उप-शीर्षकहरुको चयन गरी प्राथमिक विद्यालयमा मानविय संसाधन र भौतिक श्रोत साधनको अवस्था, विद्यालयको स्रोत व्यवस्थापनमा सरोकारवालाको धारणा र मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनमा देखिएका समस्या, चुनौतिहरुलाई देखाएको छ ।

## ४.१ मानवीय संसाधन तथा भौतिक स्रोत व्यवस्थापनको अवस्था

मानवीय संसाधन व्यवस्थापन अन्तर्गत शिक्षक व्यवस्थापन, शिक्षक नियुक्तिको व्यवस्था, कर्मचारी, बिद्यार्थी , शिक्षक कार्यभार जस्ता पक्षहरु समेटिन्छन् भने भौतिक स्रोत व्यवस्थापनसंग भौतिक पूर्वाधारको अवस्था, फर्निचर, भवन, कम्पाउण्ड, शैक्षिकसामग्री, जग्गा/जमिन लगायतका कुराहरु सम्बन्धित हुन्छन् । त्यसैले नमूनाविद्यालयको यी पक्षको व्यवस्थापनको वास्तविक अवस्था पहिचान गर्न प्राप्त सूचनाहरुको आधारमा निम्नानुसार व्याख्या र बिश्लेषण गरिएको छ ।

### ४.१.१ शिक्षक व्यवस्थापन

शिक्षा प्रणालिमा शिक्षक/ बिद्यार्थी, कर्मचारी महत्वपूर्ण लगानी हुन । शैक्षिक व्यवस्थापन भीत्र तिनीहरुको भर्ना, उचित परिचालन र समन्वयको आवश्यकता पर्छ । हरेक विद्यालयमा तालिम प्राप्त शिक्षक भएमा, बिद्यार्थी संख्या अनुरुप शिक्षकको व्यवस्था गर्न सकिएमा शिक्षाको उद्देश्य सहजै प्राप्त गर्न सकिन्छ (श्रेष्ठ ,२०६४) । त्यसैले अध्ययन क्षेत्रभित्रका शिक्षकको संख्या र तालिमको अवस्थालाई पहिचान गर्न संकलित तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१ शिक्षकको संख्या र तालिमको अवस्था**

| विवरण | तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | | जम्मा शिक्षक संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय | पुरुष | महिला | प्रतिशत | पुरुष | महिला | प्रतिशत | पुरुष | महिला | जम्मा |
| जनता मा.वि | ५ | ७ | २५.० | १ | २ | ६.३ | ६ | ९ | १५ |
| कचना मा.वि | २ | ६ | १६.७ | - | - | - | २ | ६ | ८ |
| कविर नि.मा.वि. | १ | ३ | ८.३ | - | २ | ४.१ | १ | ५ | ६ |
| बुढीगंगा प्रा.वि. | २ | ६ | १२.५ | - | - | - | - | ६ | ६ |
| शान्ति प्रा.वि. | - | ३ | १०.४ | १ | १ | ४.१ | ३ | ४ | ७ |
| रक्तमाला प्रा.वि. | १ | १ | ४.१ | - | ४ | ८.३ | १ | ५ | ६ |
| जम्मा | ११ | २६ | ७७.० | २ | ९ | २३.० | १३ | ३५ | ४८ |

बिद्यालय अभिलेख, २०६७

तालिका ४.१ लाई बिश्लेषण गर्दा प्राथमिक तहमा अध्यापन गर्ने अधिकांश शिक्षक (७७%) पूर्ण तालिम प्राप्त र २३% तालिम अप्राप्त (तालिम लिइरहेका) छन् । जम्मा ६ वटाविद्यालयमा २ वटाविद्यालयका सवै शिक्षक तालिम प्राप्त देखिएता पनि अन्यमा त्यस्तो अवस्था देखिदैन । तालिम प्राप्त मध्ये ११ पुरुष र २६ महिला छन् भने अप्राप्त तर्फ पूरुष २ जना र महिला ९ जना देखिन्छ । यसले के देखाउँछ भने यी विद्यालयमा पुरुष भन्दा महिला शिक्षकको संख्या बढी छ । यसवाट के स्पष्ट हुन्छ भने शिक्षक नियुक्ति गर्दा पुरुषलाई भन्दा महिलालाई बढी प्राथमिकता दिने गरेको जसको प्रभाव तालिम र शैक्षिक गुणस्तर माथि पर्ने असरलाई अनुमान गर्न सकिन्छ ।

### ४.१.२ शिक्षक नियुक्तिको व्यवस्था

शिक्षा प्रणालीमा शिक्षक प्रत्यक्ष लगानी हो । शिक्षकले प्राप्त गरेको याग्यता, उसले प्रदर्शन गर्ने व्यवहार र कार्य क्षमताको प्रभाव सोझै बिद्यार्थी र समुदायमाथि पर्छ । जसले सिकाई उपलब्धिमा प्रभाव पार्छ । त्यसैले विद्यालयमा योग्य शिक्षकको छनैट हुनुपर्छ । अहिले सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति गर्दा सामन्यतया स्थायि, अस्थायि राहत, नीजि गरी ४ किसिमले हुने गरेको पाइन्छ । यसले विद्यालयमा सिकाइमा पार्ने असरलाई समेत पहिचान गर्न मद्दत गर्छ । त्यसैले नमूना विद्यालयमा शिक्षक नियुक्तिको अवस्थाको विवरण यस्तो पाइयो ।

**तालिका नं. ४.२, शिक्षक नियूक्तिको विवरण**

| विवरण | स्थायी शिक्षक | | अस्थायी शिक्षक | | राहत तथा निजी शिक्षक | | |
|---|---|---|---|---|---|---|---|
| विद्यालय | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | जम्मा |
| जनता मा.वि | १४ | २९.१ | १ | २१ | - | - | १५ |
| कचना मा.वि | ५ | १०.४ | ३ | ६.३ | - | - | ८ |
| कविर नि.मा.वि. | २ | ४.१ | ३ | ६.३ | १ | २.१ | ६ |
| बुढीगंगा प्रा.वि. | २ | ४.१ | ३ | ६.३ | १ | २.१ | ६ |
| शान्ति प्रा.वि. | ३ | ६.३ | ३ | ६.३ | १ | २.१ | ७ |
| रक्तमाला प्रा.वि. | - | - | ६ | १२.५ | - | - | ७ |
| जम्मा | २६ | ५४.१ | १९ | ३९.६ | ३ | ६.३ | ४८ |

स्थलगत सर्वेक्षण, २०६७

राहत र निजीलाई एकै ठाउँमा देखाइएको छ ।

तालिका ४.२ लाई अध्ययन गर्दा अधिकांस विद्यालयमा स्थायी शिक्षकको बाहुल्यता २६ जना (५४.१%) रहेको भएता पनि १९ जना (३९.६%) शिक्षकहरु अझैपनि अस्थायी रुपमा नै कार्य गरिरहेको अवस्था देखिन्छ भने शिक्षक राहत (वाढि पिडित) र निजी (नोकर) को संख्या समेत कमि देखिदैन । नमूना बिद्यालयमा ३ जना (६.३%) शिक्षक त्यस्तो अवस्थामा कार्य गर्न वाध्य रहको देखिन्छ । यसरी एउटै विद्यालयमा काम गर्ने शिक्षक अलग-अलग हैसियत प्राप्त गरी काम गर्दा शैक्षिक व्यवस्थापन राम्रो भएको छ भन्न मिल्दैन। यसले संस्थाप्रति नकरात्मक प्रभाव पार्नुका साथै भविश्यमा ठूलो समस्या जन्मन सक्ने तर्फ वेलैमा सम्वन्धित निकायको ध्यान जान जरुरी हुन्छ ।

## ४.१.३ शिक्षकको शैक्षिक योग्यताको अवस्था

प्राथमिक तहमा अध्यापन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता एस.एल.सी. वा सो सरह तालिम प्राप्त हुनुपर्ने प्रावधान शिक्षा ऐन तथा नियमावली २०६२ ले गरेको छ, तर अहिले विद्यालय क्षेत्र सुधार (SSR) कार्यक्रमले प्राथमिक तह कक्षा १ -८ हुनुपर्ने र त्यसका लागि शैक्षिक योग्यता पनि परिवर्तन गरी +2 वा सो सरह र स्नातक हुनुपर्ने प्रावधान

राखेका छ । जसले बिद्यार्थीको सिकाई उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्छ । त्यसैले नमूना विद्यालयमा शिक्षकको शैक्षिक योग्यताको अध्ययन गर्दा यस्तो अवस्था पाईयो ।

**तालिका नं. ४.३ शिक्षकको शैक्षिक योग्यताको विवरण**

| विवरण / बिधालय | आवश्यक न्यूनतम शैक्षिक योग्यता(एस.एल.सी वा सो सरह | आवश्यक भन्दा माथि ( +2 वा सो भन्दा माथि) | जम्मा कार्यरत संख्या |
|---|---|---|---|
| जनता मा.वि. | ११ जना | ४ जना | १५ जना |
| कचना मा.वि. | ७ जना | १ जना | ८ जना |
| कविर नि.मा.वि. | ५ जना | १ जना | ६ जना |
| वूढीगंगा प्रा.वि. | ६ जना | - | ६ जना |
| शान्ति प्रा.वि. | ६ जना | १ जना | ७ जना |
| रक्तमाला प्रा.वि. | ६ जना | - | ६ जना |
| जम्मा | ४१ जना | ७ जना | ४८ जना |
| प्रतिशत | ८५.४ | १४.६ | १०० |

स्थलगत सर्वेक्षण, २०६७

तालिका ४.३ लाई विश्लेषण गर्दा अधिकांश विद्यालयमा कार्यरत शिक्षकमा ४१ जना (८५.४%) आवश्यक न्यूनतम शैक्षिक योग्यता भएका शिक्षक रहेको देखिन्छ भने ७ जना (१४.६ %) मात्र शिक्षक आवश्यक भन्दा माथि (+२ वा सो भन्दा माथि ) को योग्यता भएका शिक्षक रहेको देखिन्छ । स्थलगत सर्वेक्षणका क्रममा गरिएको छलफलमा केही विद्यालयका केही शिक्षक माथिल्लो तहको योग्यता लिन नजिकै खोलिएका क्याम्पसहरुमाअध्ययनरत रहेका छन् । बिद्यालयका शिक्षकले शैक्षिक गुणस्तर प्रभाव पार्दछ । त्यसैले कार्यरत शिक्षकको शैक्षिक योग्यता वृद्धि गर्न सरोकारवाला पक्षको ध्यान जानु जरुरी हुन्छ ।

### ४.१.४ कर्मचारी व्यवस्थापन

मानवीय संसाधन व्यवस्थापनको महत्वपूर्ण पक्ष कर्मचारी व्यवस्थापन पनि हो । संस्थामा संलग्न विभिन्न कर्मचारीहरुको सही परिचालनले मात्र व्यवस्थापन कार्य सफल हुने हुन्छ । प्राथमिक तह संचालनमा भएका विद्यालयहरुले विद्यालयको दैनिक कार्य सु-व्यवस्थित गर्न कर्मचारीहरुको नियूक्ति गरेका हुन्छन् । विद्यालयको प्रशासन संचालनमा प्र.अ. शिक्षक र कर्मचारीको उत्तिकै जिम्मेवारी हुन्छ । त्यसैले संस्थाको लक्ष्य प्राप्त गर्ने कर्मचारीको छनौट, नियूक्ति र परिचालन महत्वपूर्ण हुन्छ । नमूना विद्यालयमा कर्मचारी व्यवस्थापनको अवस्था यस प्रकारको पाईयो ।

**तालिका ४.४ कमचारीको संख्या र नियूक्तिको किसिम**

| विवरण | कर्मचारी संख्या | | | नियुक्ति किसिम |
|---|---|---|---|---|
| विद्यालय | पुरुष | महिला | जम्मा | विद्यालयद्वारा स्थायी/अस्थायी गरिएका |
| जनता मा.वि | ४ | १ | ५ | ४ (स्थायी), १ (अस्थायी) |
| कचना मा.वि | ३ | | ३ | ३ (अस्थायी) |
| कविर नि.मा.वि. | १ | | १ | १ (अस्थायी) |
| रक्तमाला प्रा.वि. | १ | | १ | १ (निजी स्रोत) |
| जम्मा | ९ | १ | १० | ४ (स्थायी), ६ (अस्थायी |

विद्यालय अभिलेख ,२०६७

तालिका ४.४ लाई बिश्लेषण गर्दा नमूना विद्यालयका ६ वटा मध्ये २ वटामा कुनै पनि कर्मचारी नियूक्ति गरेको पाइएन भने स्थायी (४ जना ) र अस्थायी (६ जना) गरी दुई किसिमका कर्मचारी विद्यालयले नियुक्ति गरेको पाईयो । यस भीत्र पनि महिला १ जना र पुरुष ९ जना गरी १० जना कर्मचारी रहेको तथ्याङ्क देखिन्छ । यसले कर्मचारी व्यवस्थापनको व्यवस्था राम्रो भएको पाईदैन ।

## ४.१.५ शिक्षक-कर्मचारीको तलवमान र भत्ता

संघ/ संस्थामा काम गर्ने कर्मचारीको मनोवल उच्च रहे मात्र संस्थाको लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिन्छ । त्यसका लागि कर्मचारीको तलवमान र भत्ता एक महत्वपूर्ण पक्ष हुन्छ । त्यसैले राज्यले तोकेको सेवासुविधा उपलव्ध गराई शिक्षक-कर्मचारीको मनोवल उच्च राखि शैक्षिक संस्थाको उद्देश्य प्राप्त गर्न सकिन्छ । अतः नमूना विद्यालयमा , शिक्षक कर्मचारीको तलवमान र भत्ता सरकारी स्तर बमोजिम भए नभएको विवरणलाई तालिकामा समेटिएको छ ।

**तालिका ४.५ शिक्षक कर्मचारीको तलवमानको विवरण**

| विवरण | शिक्षक | | कर्मचारी | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| स्केल बमोजिम तलवमान भएका | ४० | ८३.३ | ७ | ७० |
| स्केल बमोजिम तलवमान नभएका | ८ | १६.७ | ३ | ३० |
| जम्मा | ४८ | १०० | १० | १०० |

विद्यालय अभिलेख , २०६७

तालिका ४.५ लाई विश्लेषण गर्दा अधिकांश विद्यालयका शिक्षकहरुले (४० जना र ८३.३ %) सरकारी स्केल वमोजिम तलवमान प्राप्त गर्ने गरेका, न्यून शिक्षकले ( ८ जना १६.७%) मात्र सरकारी स्केल वमोजिम तलवमान प्राप्त गर्न नसकेको देखिन्छ । यसरी नै विद्यालयको दैनिक कार्यमा सहयोग गर्न नियुक्ति गरिएका कर्मचारी मध्ये ७ जना (७०%) ले सरकारी स्केल वमोजिम तलवमान प्राप्त गरेका र बाँकी ३ जना (३०%) ले स्केल वमोजिम तलवमान प्राप्त गर्न नसकि दूई पक्षीय सहमतिय प्रणालीमा सेवा सुविधाको किटान गरिएको देखिन्छ । तर तलवमान व्यवस्थापनलाई सुधार गरिनु पर्दछ किनकी एउटा विद्यालयमा काम गर्ने शिक्षक कर्मचारीलाई एउटै किसिमको तलवमानको व्यवस्था नगरिदिदा उत्प्रेरणामा प्रभाव पर्न गई शैक्षिक लक्ष्य र उद्देश्य प्राप्तिमा समेत नकरात्मक प्रभाव पर्न जान्छ ।

### ४.१.६ बिद्यार्थी व्यवस्थापन

शिक्षा पद्धतिमा समाजवाट गाँसिएको लगानी बिद्यार्थी भएकाले तिनीहरुको उचित व्यवस्थापन हुनपर्छ । त्यसले मात्र समाज र राज्यको लागि आवश्यक सीपयूक्त, दक्ष जनशक्तिको उत्पादनमा टेवा पुग्छ । त्यसैले इटहरी न.पा. भीत्र अवस्थित सामुदायिक विद्यालयका प्राथमिक तहमा रहेका बिद्यार्थीको भर्नाको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ -


**तालिका ४.६ बिद्यार्थीको भर्ना विवरण**

| विवरण / विद्यालय | जम्मा भर्ना विद्यार्थी संख्या | छात्र संख्या | छात्रा संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| जनता मा.वि | ५२५ | २४१ | २८४ | ०:८५ |
| कचना मा.वि | ४६३ | २४० | २२३ | १:०८ |
| कविर नि.मा.वि. | २५५ | ११२ | १४३ | ०:७८ |
| बुढीगंगा प्रा.वि. | २९४ | १२७ | १६७ | ०:७६ |
| शान्ति प्रा.वि. | २७० | १३१ | १३९ | ०:९४ |
| रक्तमाला प्रा.वि. | २१८ | ८५ | १३३ | ०:६४ |
| जम्मा | २०२५ | ९३६ | १०८९ | ०:८६ |

विद्यालय अभिलेख , २०६७

तालिका ४.६ लाई बिश्लेषण गर्दा इटहरी न.पा. को करिव एक किलोमिटर वरपर अवस्थित सामुदयिक विद्यालयको प्राथमिक तह (कक्षा १-५) मा बिद्यार्थीको चाप अधिक पाइयो । यस क्षेत्र भित्र अन्य संस्थागत विद्यालय समेत रहेको तर पनि बिद्यार्थीको चाप घट्न सकेको छैन। नमूना विद्यालय मध्ये कचना माध्यमिक विद्यालयमा मात्र छात्रको संख्या धेरै (१.०८ अनुपात) देखियो भने बाँकि अन्य विद्यालयमा छात्राहरुको नै संख्या वढेको देखिन्छ । यसले के देखाउँछ भने समाजमा रहेको लैङ्गिक विभेद त्यति धेरै नरहेको तर अभिभावकले छात्रलाई संस्थागत विद्यालयमा भर्ना गरी दिनाले पनि यस्तो अवस्था आउन सकेको अनुमान गर्न सकिन्छ । नमूना विद्यालयका छात्रा, छात्रको विवरणलाई चित्रगत रुपमा प्रस्तुत गर्दा

चित्र : १ , विद्यालयमा भर्ना विद्यार्थी विवरण




## ४.१.७ शिक्षक विधार्थी अनुपात

सामुदायिक विद्यालयमा शिक्षक बिद्यार्थी अनुपात तराई क्षेत्रमा १:४५ हुनुपर्ने प्रावधान शिक्षा नियमावलीको दफा ले उल्लेख गरेको छ। शिक्षक बिद्यार्थी उपर्युक्त भएमा शिक्षण सिकाई प्रभावकारी हुने विश्वास लिन सकिन्छ । त्यसैले हाल नमूना विद्यालयमा रहेको शिक्षक-बिद्यार्थी अनुपातलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः-

## तालिका ४.७ शिक्षक बिद्यार्थी अनुपातको विवरण

| विवरण / बिधालय | कुल शिक्षक संख्या | कुल बिधार्थी संख्या | शिक्षक- बिधार्थी अनुपात |
|---|---|---|---|
| जनता मा.वि. | 15 | 525 | 1:35 |
| कचना मा.वि. | 8 | 463 | 1:58 |
| कविर नि.मा.वि. | 6 | 255 | 1:43 |
| वूढीगंगा प्रा.वि. | 6 | 294 | 1:43 |
| शान्ति प्रा.वि. | 7 | 270 | 1:39 |
| रक्तमाला प्रा.वि. | 6 | 218 | 1:36 |
| जम्मा | 45 | 2025 | 1:42 |

विद्यालय अभिलेख , २०६७

तालिका ४.७ लाई नियाल्दा नमूना विद्यालयमा शिक्षकः बिद्यार्थी अनुपात बढीमा १:५८ (कचना) र घटीमा १:३५ ( जनता) रहको भेटियो । जम्मा हेर्द १:४२ (सवै) मात्र रहेको देखिन्छ । यसले के पुष्टि गर्छ भने सवै विद्यालयमा बिद्यार्थी संख्याको आधारमा शिक्षकको व्यवस्थापन हुन नसकेको देखिन्छ । यसले शिक्षा नयमावली अुनसार शिक्षक विद्यार्थी अनुपात कायम हुन नसकेको समेत पुष्टि हुन्छ ।

### ४.१.८ विद्यालय भवन र कक्षाकोठाको अवस्था

विद्यालयमा उपलब्ध भौतिक सुविधाहरुको सम्वन्ध शिक्षाको गुणस्थरीयता संग गाँसिएको हुन्छ । शिक्षा प्रणालिको लगानीकै रुपमा रहेको भौतिक स्रोत तथा सुबिधा अन्तर्गत विद्यालयका भवन र कक्षाकोठा समेत शैक्षिक व्यवस्थापनका आधारभूत पक्षका रुपमा रहेका छन् । शिक्षण सिकाई क्रियाकलापको  वातावरण निर्माण र प्रभावकारी एवं अर्थपूर्ण बनाउनका लागि विद्यालयमा यि कुराहरु हुनुपर्छ । अतः नमूना विद्यालयमा भवन र कक्षाकेठाको वास्तविक अवस्था पहिचान गर्न गरिएको अध्ययनवाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्दा निम्नानुसार देखिन्छ :-

## तालिका ४.८ विद्यालय भवन र कक्षा कोठाको अवस्था

| बिधालय | बिधालय भवन संख्या र संरचना | कक्षाकोठा छुट्याईएको संख्या | अफिसका लागि छुट्याइएको संख्या |
|---|---|---|---|
| जनता मा.वि. | ६ (५पक्की), १ अर्धपक्की | १२ वटा | १ वटा |
| कचना मा.वि. | ४ ( पक्की) | १२ वटा | १ वटा |
| कविर नि.मा.वि. | ५ (पक्की) | १० वटा | १ वटा |
| वूढीगंगा प्रा.वि. | २ ( अर्धपक्की) | ५ वटा | १ वटा |
| शान्ति प्रा.वि. | २ (पक्की-निर्माणाधिन) | ५ वटा | १ वटा |
| रक्तमाला प्रा.वि. | २ (अर्धपक्की ) | ५ वटा | १ वटा |

विद्यालय सर्वेक्षण ,२०६७

* मा.वि. समेत

* भाडामा लगाइएको कोठा ३१ वटा

तालिका ४.८ लाई बिशलेषण गर्दा अध्ययन गरिएका सवै विद्यालयहरुको आ-आफ्नै भवन (पक्की, अर्धपक्की ) रहेको पाईयो भने अफिस कोठा र कक्षा संचालनका लागि पनि अलग-अलग कोठाको व्यवस्था भएको देखिन्छ । जम्मा ६ वटा विद्यालय मध्ये २ वटा विद्यालयको भवनको संरचना अर्ध पक्की (टिनको छानो तर गाह्रो भूई सिमेन्ट) प्रकृतिको पाइयो भने बाँकी अन्यको पक्की संरचनाको पाइन्छ । जनता र कचना विद्यालयमा मा.वि. समेत संचालन भएकाले भवन संख्या अधिक देखिन्छ भने कविरमा भाडामा +२ सम्मको कक्षा संचालनले कक्षाकोठा र भवनको संख्या अधिक रहेको हो ।

## ४.१.९ कक्षाकोठामा झ्याल/ढोका र प्रकाशको व्यवस्था

कक्षाकोठा व्यवस्थापनको एउटा महत्वपूण पक्ष झ्याल, ढोका , प्रकाश तथा वत्ति पनि हुन् । विद्यालयका कक्षाकोठामा यि पक्षको सहज/ प्रभावकारी व्यवस्थापन गर्नसके शिक्षण सिकाई प्रभावकारी हुन गई शैक्षिक लक्ष्य र उद्देश्य प्राप्ति गर्न सहज हुने गर्दछ । त्यसैले अध्ययन क्षेत्र भीत्रका बिद्यालयका कक्षाकोठामा झ्याल, ढोका र प्रकाशको व्यवस्थालाई प्राप्त तथ्याङ्कको आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९, बिद्यालयमा झ्याल, ढोका र प्रकाशको अवस्था**

| बिधालय | कक्षाकोठाको संख्या | झ्याल, ढोकाको अवस्था | प्रकाश/ वत्तिको अवस्था |
|---|---|---|---|
| जनता मा.वि. | १२ | सामान्य अवस्था | प्रयाप्त भएको |
| कचना मा.वि. | १२ | सामान्य अवस्था | प्रयाप्त भएको |
| कविर नि.मा.वि. | १० | सामान्य अवस्था | प्रयाप्त भएको |
| वूढीगंगा प्रा.वि. | ६ | केही जीर्ण अवस्था | प्रयाप्त नभएको |
| शान्ति प्रा.वि. | ५ | सामान्य अवस्था | प्रयाप्त नभएको |
| रक्तमाला प्रा.वि. | ५ | सामान्य अवस्था | प्रयाप्त नभएको |

स्थलगत सर्वेक्षण, २०६७

तालिका ४.९ मा नमूना विद्यालयको कक्षाकोठाको झ्याल, ढोकाको अवस्था सामान्य देखियो भने एउटा विद्यालय (बूढीगंगा) मा भने जीर्ण रहेको पाइयो । यसैगरी अध्ययन गरिएका विद्यालयमा प्रकाश तथा बत्तिको अवस्था ५०% मा प्रयाप्त भएको र ५०% मा पर्याप्त नभएको पाइयो । यसले के देखिन्छ भने कक्षाकोठामा झ्याल , ढोका र प्रकाशको व्यवस्थापन राम्रो हुन नसकेको पुष्टि हुन्छ ।

## ४.१.१० फर्निचर व्यवस्थापन

शिक्षण सिकाइलाई सहज वनाउन शैक्षिक व्यवस्थापनको अर्को पक्ष फर्निचर व्यवस्थापन हो । फर्निचरको अभावमा सिकाई व्यवस्था प्रभावकारी हुन सक्दैन । यसरी विद्यालयमा फर्निचरको व्यवस्था गर्दा बिद्यार्थीको उमेर र कक्षा अनुसार हुनुपर्छ यसले बिद्यार्थीको पढाइ प्रति रुचि/ सक्रिय बनाउन मद्दत गर्छ । अतः बिद्यार्थीको संख्या , शारीरिक अवस्था अनुसार उपर्युक्त फर्निचरको व्यवस्थापन हुन जरुरी छ । त्यसैले नमूना क्षेत्र भीत्रका विद्यालयमा प्राप्त फर्निचरको विवरणलाई तालिकामा देखाई विश्लेषण गरिएको छ ।

**तालिका ४.१०, फर्निचर व्यवस्थापनको अवस्था**

| विवरण / बिधालय | डेक्स / वेन्च | टेवल थान | दराज | कूर्सी | ऱ्याक |
|---|---|---|---|---|---|
| जनता मा.वि. | २५० जोर | १० | ७ | २५ | ३ |
| कचना मा.वि. | २१० जोर | ६ | ५ | १३ | २ |
| कविर नि.मा.वि. | ११५ जोर | ५ | २ | १५ | १ |
| वूढीगंगा प्रा.वि. | ५५ जोर | ६ | २ | १५ | - |
| शान्ति प्रा.वि. | २४ जोर | २ | २ | १० | - |
| रक्तमाला प्रा.वि. | ४६ जोर | १३ | २ | २३ | १ |
| जम्मा | | ४२ | २० | १०१ | ७ |

विद्यालयको अभिलेख, २०६७

* मा.वि. तह समेत ।

तालिका ४.१० लाई बिश्लेषण गर्दा अध्ययन क्षेत्र भित्रका विद्यालयमा फर्निचरको अवस्था जनता र कचना वाहेक अन्यमा कमजोर रहेको देखिन्छ । तालिका ४.७ संग तुलना गरी हेर्ने हो भने बिद्यार्थी संख्याको आधारमा डेक्स /वेन्चको अवस्था नगन्य रहेको पुष्टि हुन्छ । यसरी हेर्दा जम्मा बिद्यार्थी संख्या र डेक्स / वेन्चको अनुपात हेर्ने हो भने १:४.०४ ( डेक्स / वेन्चः विधार्थी संख्या ) पर्न आउँछ । यसले पनि शैक्षिक व्यवस्थापनमा समस्या नै उत्पन्न गराउने संकेत गर्दछ ।

## ४.१.११ पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन

विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सहज ढंगले संचालन गरी संस्थाको उद्देश्य प्राप्ति गर्नका लागि आवश्यक पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन हुनुपर्दछ । कक्षा शिक्षणका अलावा सैद्धान्तिक ज्ञानलाई पूर्ण गर्न तथा कितावी भन्दा बाहिरी ज्ञानहरु प्राप्त गर्न पुस्तकालय एवम् प्रयोगशालाको व्यवस्थापन विद्यालयले गरेको हुनुपर्दछ । यसलाई विद्यालयमा भौतिक स्रोत व्यवस्थापनको पक्षका रुपमा समावेश गराउन सकिन्छ ।

नमूना विद्यालयमा सवै जसो विद्यालय ( जनता , कचना वाहेक ) ले पुस्तकालय एवम् प्रयोगशालाको व्यवस्थापन गरेको पाइएन । यसलाई मध्यनजर गर्दा विद्यालयको दैनक प्रशासन संचालनको जिम्मेवारी लिई वसेका प्रधानाध्यापकले चाँडै नै पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन गरी दक्ष जनशक्ति उच्पादन गर्न जोड दिनुपर्ने देखिन्छ । यसले सिकाई उपलब्धि वृद्धि हुने समेत स्पष्ट छ ।

### ४.१.१२ शैक्षिक सामग्रीको व्यवस्थापन

शैक्षिक सामग्री शिक्षण सिकाईको महत्वपूर्ण साधन तथा आवश्यकीय साधन भएकाले विद्यालयमा यसको निर्माण र प्रयोग गरी कक्षा शिक्षणलाई व्यवस्थित वनाउन सकिन्छ । यसले कक्षा शिक्षण सफल, प्रभावकारी र अर्थपूर्ण बनाउन मद्दत गर्छ । यस्ता सामग्री निर्माणमा सकेसम्म स्थानीय स्रोत र साधनको उपयोग गरी बिद्यार्थी समेतको सहभागितामा हुन सके सिकाईलाई अझ व्यवस्थित गर्न सकिने थियो । नमूना विद्यालयमा शैक्षिक सामाग्रीको निर्माण प्रयोग गरेको पाईएन । अधिकांश विद्यालयमा त दैनिक प्रयोगका सामग्री नै अभाव छ भने अन्य केही विद्यालयमा भइहाले पनि फोहोर थुपार्ने कुनामा नगन्य संख्यामा त्यस्ता सामग्री पाईयो । यसले के स्पष्ट गर्छ भने भौतिक स्रोत अन्तर्गत पर्ने शैक्षिक सामग्रीको व्यवस्थापन राम्रो हुन नसकेको देखिन्छ ।

माथि उल्लेख गरिएका तथ्याङ्कहरुको प्रस्तुतीकरण र बिश्लेषण वाट अध्ययन गरिएका बिधालयमा मानवीय संसाधन तथा भौतिक स्रोत व्यवस्थापन पक्ष कमजोर रहेको बिश्लेषण गर्न सकिन्छ । विद्यालयहरुमा शिक्षक व्यवस्थापनको पक्ष देखि बिद्यार्थी व्यवस्थपन तथा विद्यालयको भौतिक व्यवस्थापन पक्ष समेत चुस्त र दुरुस्त हुन नसकेको निष्कर्ष निकाल्न सकिने हुँदा टेलर (१९१५) को वैज्ञानिक व्यवस्थापनको सिद्धान्त बमोजिम विश्लेषण गर्दा विद्यालयहरुको मानवीय र भौतिक स्रोत/साधानलाई अधिकत्तम उपलब्धि हासिल हुने गरी प्रयोगमा ल्याउन नसकेको शैक्षिक उपलब्धी र गुणस्तर वृद्धि गर्न नसकेको, शिक्षणको प्रभावकारीता वृद्धिमा व्यवस्थापक सफल हुन नसकेको देखिन्छ । यसरी नै शिक्षकको योग्यता, दक्षता र क्षमतामा पहल गर्न नसकेको भौतिक व्यवस्थापनका लागि स्रोत र साधनको उच्चतम परिचालन हुन नसकेको समेत पाईन्छ भने मानवीय संसाधनको सिद्धान्त समेत बुझ्न नसकेको देखिन्छ ।

यसैगरी भट्टराई (२०६५) को अध्ययनमा उल्लेख गरेजस्तै विद्यालयमा खानेपनीको अभाव , शौचालयको उचित प्रवन्ध नभएको , शिक्षकको समुचित प्रयोग हुन नसकेको जस्तै नमुना छनौटमा परेका विद्यालयहरुमा समेत कक्षकाठाको झ्यालढोका प्रकाशको राम्रो व्यवस्था हुन नसकेको , शिक्षक कर्मचारीको अवस्था कमजोर वन्दै गएको तथ्यांक प्राप्त हुनुले एकपटक फरी मायो (१९५०) को मानव संसाधन सिद्धान्तलाई स्मरण गर्न आवस्यक देखिन्छ । जहाँ शिक्षको नेतृत्व गर्नेहरुले विना भेदभाव शिक्षक तथा कर्मचारीको नियुक्ति गरी मानव सम्वन्ध व्यवस्थापन राम्रो पार्नु पर्ने देखिन्छ ।

## ४.२ मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा सरोकारवालाको धारणा

अनुसन्धानका क्रममा विद्यालयका सरोकारवालाहरु विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक र शिक्षक/शिक्षिकाहरुसंग अन्तर्वाता तालिका मार्फत संकलित तथ्याङ्कबाट मानवीय संसाधन तथा भौतिक स्रोत व्यवस्थापनका सम्बन्धमा सरोकारवालाहरुले व्यक्त गरेका धारणालाई यस अध्यायमा समेटिएको छ ।

### ४.२.१ विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको धारणा

शिक्षा नियमावली २०५९ ( संसोधन सहित) को दफा मा उल्लेख गरिए अनुसार विद्यालयको निरीक्षण, अनुगमन, रेखदेख, संचालन गर्न हरेक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने प्रावधान रहेको छ । उक्त समितिका अध्यक्ष अभिभावकहरु मध्ये वाट ३ बर्षका लागि निर्वाचित भई आएका हुन्छन । उनले विद्यालयलाई असल नेतृत्व प्रदान गर्दै विद्यालयमा मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनमा सकरात्मक जोड दिनुपर्ने हुन्छ । त्यसैले नमूना क्षेत्र भित्र परेका विद्यालयका व्यवस्थापन समितिको के धारणा रहेछ ? कसरी सहयोग प्रदान गर्दै आएका छन् ? भन्ने वारेमा अध्ययन गरी प्राप्त सूचनाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

इटहरी नगरपालिका भित्र ६ वटा (नमूना विद्यालय) मध्ये ५ वटा विद्यालयमा मात्र समिति गठन भएको पाईयो भने १ वटा ( जनता मा.वि. ) मा समिति गठन हुन नसकेको पाइयो । गठन भएका विद्यालयका समितिका अध्यक्षहरुको धारणालाई यसरी समेटिएको छ ।

विद्यालयको शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन तपाईले खेल्नु भएको भूमिका कस्तो छ ? भन्ने प्रश्नमा २०% अध्यक्षले कक्षा संचालनको समयमा विद्यालयमा घुम्ने तथा शिक्षकहरुसंग छलफल गर्ने जानकारी दिए । यसैगरी शिक्षण प्रभावकारी वनाउन सल्लाह दिने गरेको २० % अध्यक्षले वताए् । बाँकी ६० % ले राम्रो भूमिका खेल्ने जानकारी दिए ।

समुदायवाट विद्यालयमा बिद्यार्थी भर्ना गर्ने अभियानमा रहेको भूमिकाका सम्बन्धमा २ जना (४०%) अध्यक्षले आफ्नो भूमिका पर्याप्त भएको वताए भने अन्य ६०% ले समुदायको घर-दैलो मा नै पुगेर चेतना दिन कार्य गरेको, अभिभावक भेला गराउने गरेको र वालर्‍याली समेत सञ्चालन गरेको जानकारी दिए भने बिद्यमान भौतिक

सुबिधाहरुका सम्बन्धमा ८० % अध्यक्षले भौतिक सुविधा पर्याप्त नभएको उल्लेख गरे भने २० % ले पर्याप्त भएको वताए ।

बिधालय भवन र कक्षाकोठाहरु शिक्षण सिकाई लागि पर्याप्त नभएको ६० % ले वताए भने ४० % ले मात्र पर्याप्त भएको वताए । यस्तै डेक्स/वेन्च, लगाएतका भौतिक सामग्री पूरा नभएको भनी ६०% अध्यक्षले उल्लेख गरेका थिए । यसैगरी विद्यालयमा खानेपानी, खेलकुद मैदान र शौचालयको सम्बन्धमा विद्यालयमा खेलमैदान मात्र अपुग २० % ले उल्लेख गरेका थिए भने ४० % ले समस्या रहेको वताएका थिए । त्यस्तैविद्यालयमा खानेपानी , खेलमैदान र कम्पाउण्ड वालको अभाव भएको भनी ४० % ले जानकारी दिए ।

विद्यालयको उन्नति र बिकासका लागि स्रोत सामग्री जुटाउन आफ्नो भूमिका सक्रिय रहेको र यसका लागि दातृसंस्था लगायतका पक्षसंग छलफल गर्ने गरेको कुरामा सम्पूर्ण अध्यक्ष एकमत थिए । विद्यालयमा आर्थिक स्रोत जुटाउन समस्या रहेको छ भनी सबै अध्यक्षहरुले जानकारी दिएका थिए । बिद्यालयको उन्नतिका लागि विभिन्न निकाय वाट सहयोग प्राप्त भइरहेको सवै अध्यक्षले वताए । विद्यालयमा सभाहलको अभावलाई २०% अध्यक्षले उल्लेख गरेका थिए भने ४० % ले कम्पाउण्ड वाल र खेलमैलानको समस्या रहेको उल्लेख गरे । यसै गरी अन्य २० % अध्यक्षले शिक्षक दरवन्दि कम भएको उल्लेख गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षले स्रोत व्यवस्थापन सम्बन्धी धारणालाई विश्लेषण गर्दा अधिकांश अध्यक्ष विद्यालयको प्रगतिका लागि सक्रिय रुपमा लाग्ने गरेको तर त्यसका लागि वैज्ञानिक ढंगवाट अगाडी वढ्न नसकेको तथ्यले प्रमाणित गर्छ ।

### ४.२.२ प्रधानाध्यापकको धारणा

विद्यालयको दैनिक प्रशासन सचालन गर्ने मूख्य जिम्मेवारी प्र अ. को हुन्छ । उनले आफ्नो विद्यालयमा रहेका शिक्षक कर्मचारी को मानवीय ढंगवाट परिचालन गर्दै उपलव्ध स्रोत र साधनको उच्चतम उपयोग गरी विद्यालयको बिकास गर्न सक्छन् । त्यसैले मानवीय संसाधन र भौतिक स्रोतका सम्वन्धमा प्र.अ. को धारणा यस्तो पाईयो ।

विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको संख्या प्रति १६.७% प्र अ. सन्तुष्ट र ८३.३% ले असन्तुष्ट रहेको धारणा व्यक्त गरे । करिव ५० % प्र. अ. ले विद्यालयमा शिक्षक बिद्यार्थी अनुपात नमिलेको अर्थात बिद्यार्थी संख्याको आधारमा शिक्षक अनुपात कम रहेको धारणा

व्यक्त गरेका थिए भने ३३% प्र अ. ले कर्मचारी नै नभएको गुनासो सुनाए तथा १७% ले यस वारेमा कुनै प्रतिक्रिया नै दिन मन्जुर गरेनन् ।

शिक्षक कर्मचारीको नियमितताका सम्बन्धमा सबै प्र.अ. सन्तुष्टी भएता पनि लिजर घण्टीमा अर्को कक्षा लिन अनुरोध गर्दा सकारात्मक जवाफ नपाउने गुनासो सुनाए । विद्यालयका तालिम अप्राप्त शिक्षकलाई तालिमको अवसर प्रदान गरी सहयोग गरेको तर शिक्षकहरु तालिम लिई फर्के पछि आफूले प्राप्त गरेको ज्ञान ,सीप, अनुभव कक्षा शिक्षणमा प्रयोग नगरेको गुनासो सुनाए । खासगरी कक्षा १, २ र ३ का लागि कक्षा शिक्षण प्रणाली अपनाउने गरेको र माथिल्लो कक्षामा बिषय शिक्षक लाई नै जोड दिने गरेको धारणा सुनाए।

विद्यालयको भौतिक स्रोतका सम्वन्धमा एक जना प्र. अ. ( १७%) ले प्रयाप्त रहेको सुनए पनि वाँकि ५ जना (८३%) ले अप्रयाप्त रहेको अनुभव वताए । यसैगरी विद्यालयमा शिक्षक नियूक्ति र भौतिक स्रोत जुटाउन अभिभावक र व्यवस्थापन समितिको सक्रिय/ उल्लेख्य सहयोग पाउने गरेको कुरा ५०% प्र.अ. ले सुनाए पनि वाँकी विद्यालयमा निष्क्रिय रहेको धारणा पाईयो । यसैगरी ६७% प्र.अ. ले विद्यालयमा आर्थिक , भौतिक र शैक्षिक लगायतका समस्या रहेको, १७ % ले समिति नै गठन हुन नसकेको , बिद्यार्थी संख्या अधिक हुँदा नियमितता र कक्षाकोठा व्यवस्थापनमा कठिनाई हुने गरेको धारणा व्यक्त गरेका थिए ।

### ४.२.३ विद्यालयका शिक्षकहरुको स्रोत व्यवस्थापनका सम्बन्धमा धारणा

शिक्षा प्रणालीको लगानीको एउटा पक्ष शिक्षक कक्षा शिक्षण सिकाइ क्रियाकलापको नेता हो । त्यसैले शैक्षिक प्रक्रिया र उत्पादनमा उसको प्रयोग र परिचालनले महत्पूण स्थान ओटेको छ ( श्रेष्ठ, २०६४) । नमूना विद्यालय क्षेत्रमा गरिएको अन्तर्वातामा शिक्षकहरु शतप्रतिशत नियमित उपस्थित हुने गरेको ,विद्यालय प्रशासनले आफ्नो वृत्ति बिकासमा राम्रो सहयोग प्राप्त भईरहेको भनी ८३.३ % शिक्षकले वताए भने १६.७ % ले सामान्य मात्र गरेको जानकारी दिए । यसैगरी ५०% शिक्षकले प्रभावकारी शिक्षणका लागि अभिभावकको सकरात्ममक सहयोग पाएको बाँकिले अभिभावकले आफ्नो दायित्व कम बुझेको उल्लेख गरे । यस्तै प्रभावकारी शिक्षणका लागि शैक्षिक सामग्री , बिद्यार्थी केन्द्रीय विधि राम्रो हुने धारणा ५८% शिक्षकले राखे भने नियमितता, अध्ययन, अनुशासन, मूल्यांकन बिद्यार्थीसंगको सम्वन्ध र व्यवस्थापन तथा प्रशासनको सहयोग भएमा शिक्षण प्रभावकारी वनाउन सकिन्छ ।

अध्ययनको छनौट गरिएका विद्यालयमा पुस्तकालयको अभाव रहेको पाठ्यक्रम, पाठ्पुस्तक, सन्दर्भसामग्री, शिक्षक निर्देशिका, शैक्षिक सामग्री समेतको अभाव भएकाले दैनिक पाठयोजना निर्माण गरी शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्न कठिन भएको धारणा ६० % शिक्षकले स्वीकार गरे भने कक्षाकोठामा बिद्यार्थीको संख्याका आधारमा डेक्स/ वेन्च (फर्निचर) को व्यवस्था उपर्यूक्त हुन नसकेको तथ्य समेत १६ % शिक्षकले अन्तर्वार्ताको क्रममा वताए ।

सामुदायिक विद्यालयको प्राथमिक तहमा मानवीय संसाधन तथा भौतिक स्रोतको व्यवस्थापनका सम्बन्धमा व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक लगायत शिक्षक/ शिक्षिका तथा अन्य सरोकारवालाको धारणालाई बिश्लेषण गर्दा शिक्षक नियूक्ति , बिद्यार्थी भर्ना लगायतका बिषयहरुमा आ-आफ्नै भूमिका उल्लेखनीय रहेको कुरा वि.व्य.स.ले बताएका थिए भने विद्यालयमा उपलब्ध भौतिक स्रोत अपर्याप्त भएको तथा आर्थिक स्रोत जुटाउन पहल गर्ने गरेको उल्लेख गरका थिए ।

विद्यालयका प्रधानाध्यपकहरुले आफ्नो संस्थामा संलग्न शिक्षक कर्मचारीको संस्था प्रति सन्तुष्ट नभएको, आर्थिक एवं भौतिक स्रोतको समस्या रहेको उल्लेख गरेका थिए । यसैगरी शिक्षकहरुले आफ्नो वृत्ति र विकासमा प्रशासनले सहयोग गरेता पनि पर्याप्त हुन नसकेको प्रभावकारी शिक्षण सिकाईमा अभिभावकहरुको सहयोग प्राप्त हुन नसकेको उल्लेख गरेका थिए । यस प्रकार विद्यालयमा बैज्ञानिक व्यवस्थापनको सिद्धान्त तथा मानव संसाधन, सिद्धान्तको आधारमा विद्यालयका शिक्षक, प्रधानाध्यपक भौतिक स्रोतको व्यवस्थापन हुन नसकेको प्रमाणित हुन्छ । विद्यालयमा देखिएका मानवीय आर्थिक एवम् भौतिक समस्यालाई वैज्ञानिक ढंगवाट हल गर्नु व्यवस्थापन हो । यसरी व्यवस्थापक एवम् प्रशासकले विद्यालयको उद्देश्य पूर हुने किसिमवाट संस्थामा संलग्न शिक्षक, कर्मचारीलाई निरन्तर हौसला र प्रेरणा प्रदान गर्दै भौतिक स्रोत व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ ।

यसै सन्दर्भमा विष्ट ( २००४) ले उल्लेख गरे जस्तै नमुना छौटमा परेका विद्यालयमा पनि शिक्षक तालिम प्राप्त भएपनि आफ्नो ज्ञान, सीप अनुभवको प्रयोग कक्षाकोठा भित्र प्रयोग हुने नगरेको विद्यार्थी , अभिभावकहरुको नकारात्मक सोच , समयतालिका अनुसार चल्ने नगरेको , मानवीयताको व्यवहार प्रदर्शन हुन नसक्नु ले टेलर ( १९११) ले उल्लेख गरेजस्तो कार्य विश्लेषण हुन नसकि वैज्ञानिक व्यवस्थापन हुन नसकेको तथ्य स्पष्ट हुन्छ ।

## ४.३ मानवीय संसाधन तथा भौतिक स्रोतको व्यवस्थापनका समस्या र चुनौतिहरु

शिक्षाको आधारशिला मानिएको सामुदयिक विद्यालयको प्राथमिक तहमा मानवीय संसाधन तथा भौतिक स्रोतका सम्बन्धमा नमुना विद्यालयमा अध्ययन गर्दा देखिएका समस्या चुनौतिहरुलाई निम्नानसार उल्लेख गरिएको छ ।

### ४.३.१ मानवीय संसाधन व्यवस्थापनसँग सम्बन्धित समस्या र चुनौति

सुनसरी जिल्लाको इटहरी स्रोतकेन्द्र भीत्र अवस्थित इटहरी न.पा.मा संचालित सामुदायिक विद्यालयको प्राथमिक तहमा मानवीय संसाधन व्यवस्थापन संग सम्बन्धित समस्या मध्ये हिक्षक व्यवस्थापन एक हो । विद्यालयमा अध्यापन गर्ने सवै शिक्षक स्थायी छैनन् । ४६ % शिक्षहरु अस्थायी (राहत समेत ) र नीजि तवरले नियूक्ति गरिएको छ । यसले शिक्षक व्यवस्थापन प्रभावित बन्न पुग्छ ।

अध्ययन गरिएका ३३.३ % विद्यालयमा कुनै पनि प्रकारको कर्मचारी नियूक्ति छैनन् । शिक्षक आफैले कर्मचारीको रुपमा काम गर्छन । अन्य विद्यालयमा पनि कार्यरत मध्ये ६० % कर्मचारी अस्थायी रुपमा राखिएका छन् । यसैगरी १६.७ % शिक्षक र ३०% कर्मचारीले सरकारी स्केल वमोजिम तलवमान र सेवा सुविधा प्राप्त गर्न सकेको छैनन् । यसले उनीहरुको कार्यप्रतिको लगनशिलता र उत्प्रेरणलाई प्रभाव पार्दछ ।

अध्ययन क्षेत्रका विद्यालयमा १०० छात्रा मध्ये ८६ जना मात्र छात्र छन्  अर्थात छात्र छात्रा लैङ्गिक अनुपात ०.८६ मात्र छ । समाजमा रहेको लैङ्गिक विभेदको सानो रुप विद्यालयको बिद्यार्थी भर्नामा झल्किन्छ । त्यस्तै बिद्यार्थी अनियमित हुने पनि समस्या रहेको अध्ययनका क्रममा जानकारी प्राप्त भयो । यसैगरी सामुदायिक विद्यालयमा व्यवस्थापन समितिको ठूलो जिम्मेवारी हुन्छ तर १७ % विद्यालयमा समिति नै गठन हुन सकेको छैन । यसले ती विद्यालयको व्यवस्थापन प्रक्रिया प्रभावित हुन जान्छ । झण्डै ४० % बि.व्य.स. अध्यक्षले मात्र शिक्षण सिकाइ प्रभावकारी वनाउन सल्लह दिने गरेको, २० % ले विद्यालयमा शिक्षक/ कर्मचारी दरबन्दीको अभाव रहेको वताए ।

विद्यालयमा शिक्षक नियूक्ति र भौतिक स्रोत जुटाउने लगायतका बिषयमा ५० % प्र.अ. ले मात्र अभिभावक र व्यवस्थापन समितिको सहयोग प्राप्त गर्छन भने १७ प्रतिसत

विद्यालयमा समिति नै गठन गर्न नसक्दा प्र. अ. समस्यामा परी शिक्षक नियूक्ति, भौतिक सुबिधा, सामग्री आदि जुटाउन कठिन भएको गुनासो सुनए ।

### ४.३.२ भौतिक स्रोत व्यवस्थापनसंग सम्बन्धित समस्या र चुनौति

नमूना विद्यालयमा ३३.३% विद्यालय भवन अर्धपक्की संरचनाका छन । ३४% बिद्यालयमा विद्यालय भवनको संख्या प्रयाप्त छैन । यस्तै १७% विद्यालयमा झ्याल/ढोका जीर्ण अवस्थामा छन् । यसले शिक्षण कार्य सन्चालनमा कठिनाई उत्पन्न हुन्छ । यसै गरी सवैजसो विद्यालयमा स्वास्थ्योपचार कक्ष छैन भने ५० प्रतिशत विद्यालयमा फर्निचर प्रर्याप्त छैनन् । यस्तै १७% विद्यालयमा फूलवारी लगयतका व्यवस्था गरिएको छैन । यसवाट विद्यालयको मनोरम दृश्यमा आँच  आउने निश्चित छ ।

अध्ययन गरिएका विद्यालयमा प्रकाश/ वत्तिको व्यवस्था छैन । १७ % विद्यालयमा खेलमैदानको व्यवस्था छैन भने १७ % विद्यालयमा नै कम्पाउण्ड वालको व्यवस्था देखिदैन । यसले सुरक्षा व्यवस्थामा गम्भिर असर पार्छ । सामुदायिक विद्यालयमा ३४% बिद्यार्थीले अहिले पनि स्वास्थ्य खानेपानी पिउन नपाउने स्थिति अध्ययनले पुष्टि गऱ्यो । यसैगरी ८३.३ % विद्यालयमा चमेना गृहको व्यवस्था छैन भने ५० % मा संचारको सुविधा देखिदैन ।

अध्ययन गरिएका विद्यालयमा अध्यक्ष र अभिभावकहरुले भौतिक स्रोत जुटाउने कार्यमा ५० % मात्रले सहयोग गर्ने गरेका , तर बाँकीले कुनैपनि सहयोग नगरको गुनासो प्र. अ. ले वताए भने ९२ % शिक्षकले आफ्नो कक्षाकोठामा कुनै न कुनै समस्या रहेको वताए । उता वि.व्य.स. अध्यक्षको भनाई भिन्न छ । उनको विचारमा विद्यालयमा भौतक सुविधा पर्यापत नभएको , खानेपानी , खेल मैदान र कम्पाउण्ड वालको समेत उचित व्यवस्था गर्न सकिएको छैन । त्यसैले भौतिक स्रोत व्यवस्थापन प्रभावकारी हुन नसकी समग्र शिक्षण सिकाई नै प्रभावित बन्न जाने निश्चित देखिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति , निष्कर्ष र सुझावहरु

## ५.१ अध्ययनको प्राप्ति

यस अध्ययनको नमूना छनौटमा परेका न.पा. भीत्रका ६ वटा सामुदायिक विद्यालयको प्राथमिक तहमा मानवीय संसाधन र भौतक स्रोत व्यवस्थापनमा केन्द्रित रही गरिएको अध्ययनमा प्राप्त सूचनाहरुको बिश्लेषण पश्चात प्राप्त तथ्यलाई देहायका शीर्षकमा प्रस्तुत गरिएको छ ।

**क) मानवीय संसाधन स्रोतव्यवस्थापनको अवस्था**

सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षक तालिम पूरा नगरी शिक्षण पेशामा संलग्न रहेको पाईन्छ । अधिकांश महिला शिक्षक कार्यरत छन् । विद्यालयका आधाजसो (५४.१%) शिक्षक मात्र स्थायी छन् भने शिक्षक नियूक्ति प्रक्रियामा बिबिधता देखिन्छ । शिक्षकले अधिक र्कायभार वहन गर्नुपर्नाले कार्यक्षमता र सिकाई उपलब्धिमा प्रभावित भएको देखिन्छ । यसैगरी केही विद्यालयमा विना कर्मचारी विद्यालय संचालन गर्नु परेका छ । नियुक्ति मध्ये पनि ६० % अस्थायी रहेको देखिन्छ । यसैगरी एक तिहाइ शिक्षक/ कर्मचारीले स्केल वमोजिम हुने तलवमान प्राप्त नगरेका पाईयो । यसले कार्य उत्प्रेरणामा प्रभाव पार्ने देखिन्छ ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने बिद्यार्थी मध्ये छात्राको संख्या बढी छ । यसले सरकारी विद्यालयमा छोरीलाई भर्ना गरिदिने सामाजिक प्रचलनलाई प्रष्ट्याउछ र समाजमा रहेको विद्यमान लैङ्गिक बिभेदलाई समेत उजागर गरेको छ । यसैगरी विद्यालयमा नियमित रुपमा बिद्यार्थीको उपस्थिति न्यून छ त्यसको प्रभाव सिकाई उपलब्धिमा परेको देखिन्छ । खासगरी सामुदायिक विद्यालयमा मजदुर , न्यून आयस्तर भएका अभिभावकका छोराछोरी पढ्ने हुनाले नियमिततामा अभिभावकले ख्याल नगरेको देखिन्छ । उतातिर केही विद्यालयमा व्यवस्थापन समिति गठन नहुँदा शिक्षक नियुक्ति, आर्थिक भौतिक स्रोत जुटाउने जस्ता क्रियाकलापमा प्रभाव परेको छ । यसले समग्र विद्यालयको लक्ष्य र उद्देश्य प्राप्तिमा प्रभाव पार्छ ।

विद्यालयका समस्या समाधानका लागि वैठक/ छलफल को आयोजना गरिने त्यहाँ अध्यक्ष लगायतका पदाधिकारीको रचनात्मक सहयोग प्राप्त हुने भएता पनि विद्यालयमा

उपलब्ध शिक्षक/ कर्मचारी दरबन्दी संख्याप्रति प्र.अ. ले असन्तुष्ट जनाएका छन् । यसैगरी प्रायः सवै जसो शिक्षक वाट प्र.अ. लाई सहयोग प्राप्त हुने गरेको भएता पनि विद्यालयमा रहेको स्रोतको अभावले मानवीय संसाधन व्यवस्थापनमा जटिलता उत्पन्न हुने तथ्य समेत भेटिएको छ ।

शिक्षकहरुले विद्यालयको शिक्षण सिकाईमा खेलेको भूमिका प्रति सम्पूर्ण प्र. अ. सन्तुष्ट छन् भने शिक्षक पनि नियमित विद्यालयमा उपस्थित भई आफ्नो पेशाप्रति प्रतिवद्ध रहेको अवस्था बिधमान रहेको छ । शिक्षकहरु विद्यालयमा अभिभावकको चासो बढ्नु पर्ने धारणा राख्दछन् भने प्रभावकारी शिक्षण सिकाइका लागि नियमितता, अध्ययन , अनुसन्धान, मूल्याङकन, बिद्यार्थी केन्द्रित विधि, सामग्रीको प्रयोगमा प्रशासनको सहयोग आवश्यक पर्ने देखिन्छ । यस्तैगरी वि.व्य.स. चुस्त, दुरुस्त र पक्षपात रहित हुनुपर्ने धारणा समेत शिक्षकहरुले उल्लेख गरेका छन् ।

### ख) भौतिक स्रोत व्यवस्थापनको अवस्था

सामुदायिक विद्यालयको भौतिक स्रोत व्यवस्थापनलाई हेर्दा सम्पुर्ण विद्यालयहरु आफ्नै निजी भवनमा संचालित छन् भने कतिपय विद्यालयमा पर्याप्त कक्षकोठाको अभाव छ । विद्यालयको दैनिक प्रशासन संचालनका लागि अफिस कोठा छुट्टै बनाए पनि प्रयोगशाला कोठाको कुनै व्यवस्था गरेको देखिदैंन । आधाजसो विद्यालयमा प्रकाश / वत्ति, हावाको राम्रो व्यवस्था हुन सकेको छैन भने झ्याल ढोका समेतको उचित प्रबन्ध हुन सकेको छैन र विद्यालयहरुमा खानेपानीको सामान्य व्यवस्था (ट्यूवेल) छ भने सुरक्षाको लागि कम्पाउण्ड वालको व्यवस्था गरेको देखिदैन । त्यसैगरी शौचालयको उचित प्रबन्ध ( छात्र, छात्रा , शिक्षक स्टापका लागि अलग-अलग ) हुन सकेको छैन भने चमेना गृहको नाम समेत देखिदैन ।

विद्यालयमा फर्निचर व्यवस्था नहुँदा दैनिक पठनपाठन प्रभावित भएको छ भने कुनै पनि विद्यालयमा स्वास्थोपचारको व्यवस्था गर्न नसकेको पाइयो । यसैगरी फूलवारी, संचार उपकरण नहुँदा विद्यालयको सुन्दरता र संचार सेवाबाट प्रभावित हुनुपरेको छ । अधिकांश अध्यक्ष भौतिक सुबिधा प्रति सन्तुष्ट छन् भने यसका लागि स्रोत पहिचान गरी आवश्यकता पूरा गर्न सक्रिय छन् । विद्यालयमा सभाहल , खेल मैदान, कम्पाउण्ड वालको अभावको पहिचान अध्यक्षले गरेका छन् भने शैक्षिक सामग्रीको अभावलाई पूर्ती गर्न शिक्षक

/प्र.अ., विद्यार्थीलाई समेत उत्प्रेरित गर्छन । शिक्षकहरुवाट विद्यालयका समस्या समाधानका लागि सहयोग प्राप्त गरेता पनि विद्यालयले स्रोतको अभावमा भौतक शैक्षिक समस्या र चुनौतिहरुको सामना गर्नु परेको छ ।

## ५.२ अध्ययनको निष्कर्ष

सामुदायिक विद्यालयको प्राथमिक तहमा मानवीय संसाधन र भौतिक स्रोत व्यवस्थापनको बिद्यमान अवस्थाको पहिचान गर्न सुनसरी जिल्लाको इटहरी स्रोत भीत्र अवस्थित इटहरी न.पा. मा संचालित ६ वटा प्राथमिक विद्यालयलाई नमूनाको आकार मानी गरिएको यो अध्ययन गुणात्मक/ संख्यात्मक दुवै ढाँचामा आधारित छ । बैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानवीय संसाधन सिद्धान्तले मार्ग निर्देश गरे अनुसार प्राप्त तथ्याङ्कलाई प्रस्तावनामा उल्लेख गरिएका उद्देश्यहरुको आधारमा तथ्याङ्कलाई ब्याख्या बिश्लेषण गरिएको छ ।

प्राप्त तथ्याङ्कलाई बिश्लेषण गरिएको आधारमा अधिकांश विद्यालयमा शिक्षक दरवन्दी अभाव, तालिम प्राप्त शिक्षक नहुनु , न्यूनतम शैक्षिक योग्यता प्राप्त शिक्षकको संख्या अधिक हुनु, महिला शिक्षक संख्या ज्यादा हुनु, तालिमको ज्ञान, सीप प्रयोग नहुनु, शिक्षक प्र.अ. समितिका वीचमा राम्रो सम्बन्ध स्थापित भएतापनि विद्यालयका समस्याहरु यथावत नै रहनु, कर्मचारीको प्रबन्ध मिलाउन नसक्नु , अभिभावक तथा समितिका पदाधिकारी विद्यालय प्रति निष्क्रिय हुनु मानवीय संसाधनसंग सम्बन्धित निष्कर्ष निकालिएको छ ।

विद्यालयको कक्षा संचालन आफ्नै नीजि भवनमा भएता पनि फर्निचरको समस्या, झ्याल, ढोकाको प्रबन्ध नहुनु , डेक्स,वेन्च बिद्यार्थी उमेर संख्या अनुसारको नहुन, कक्षाकोठामा हावा, प्रकाश वत्तिको उचित प्रवन्ध मिलाउन नसक्नु, शैक्षिक सामग्रीको अभाव, खानेपानी शौचलायको प्रबन्ध नरहेको देखिन्छ । यसैगरी विद्यालयमा सुरक्षाको लागि कम्पाउण्ड वाल, स्वास्थ्य उपचारको व्यवस्था , फूलवारी वगैचा समेत नरहेको अध्ययनको निष्कर्ष भीत्र समेट्न सकिन्छ ।

## ५.३ अध्ययनका सुझावहरु

सामुदायिक विद्यालयको प्राथमिक तहमा मानवीय संसाधन तथा भौतिक स्रोत व्यवस्थापनको अवस्था सम्बन्धी शीर्षकमा गरिएको अध्ययनको निष्कर्ष प्राप्तीका आधारमा निम्नानुसारको सुझावहरु प्रदान गर्न सकिन्छ ।

### ५.३.१ नीतिगत तह (केन्द्रिय निकाय ) का लागि सुझाव

विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न जिल्ला शिक्षा कार्यालय मार्फत तालिम दिने व्यवस्था गर्न सकिन्छ । यसका लागि शिक्षकको नियूक्ति पश्चात कम्तीमा आधारभूत शिक्षण तालिम दिने नीति लिइनुपर्ने हुन्छ ।

विद्यालयमा शिक्षक नियूक्ति गर्दा सेवा प्रवेशको एउटै आधार खडा गरिनुपर्छ । शिक्षकहरु अस्थायी , राहात वा नीजि राखिनु हुदैन । सेवा प्रवेशका लागि एउटै पक्ष वा क्षेत्रले एकद्धार प्रणाली लागू गर्नु पर्छ ।

बिद्यार्थी संख्याको आधारमा शिक्षकको दरवन्दी मिलान गर्दै नपुग शिक्षक दरवन्दी थप गर्दै पूर्ती गर्नूपर्छ ।

विद्यालयहरुमा देखिएको भौतिक स्रोतको अभावलाई कम गर्न भौतिक स्रोत कम भएका विद्यालयको पहिचान गरी न्यूनतम भौतिक सुबिधा राज्यले प्रदान गर्ने नीति बनाउनु पर्छ ।

विद्यालय व्यवस्थापन समिति , अभिभावक समेतलाई सक्रिय वनाई विद्यालयको बिकासका लागि प्रयोग गर्न सामाजिक सचेतना कार्यक्रम संचालन गर्ने नीति बनाइनुपर्छ ।

### ५.३.२ अभ्यास तह ( स्थानीय तह) का लागि सुझाव

सामुदायिक विद्यालयमा अध्ययनरत शिक्षकहरुलाई माथिल्लो शैक्षिक योग्यता लिन व्यवस्थापन समितिका अध्यक्ष तथा प्र. अ. सदैव उत्प्रेरित हुनुपर्छ । यसवेला पर्ने असजिलो कम गर्न वैकल्पिक उपाय अपनाउन सकिन्छ । हरेक विद्यालयमा कम्तिमा एक/एक जना कर्मचारीको नियूक्ति तत्काल गरिनुपर्छ । यसले पर्ने थप व्यवहारका लागि माथिल्लो निकायलाई सजग गराउनुपर्छ ।

विद्यालयमा बिद्यार्थीको नियमित उपस्थितिका लागि समितिका अध्यक्ष, अभिभावक, प्र.अ., शिक्षक, बिद्यार्थी समेतको एक समिति निर्माण गरी उक्त समितिले बिद्यार्थी अनियमित हुनुको कारण पहिचान गरी नियमित उपस्थितिको वातावरणको निर्माण गर्ने ।

कम्पाउण्ड वालको प्रवन्ध नभएका विद्यालयमा तत्कालै अस्थायी घेरावारा लगाउन अध्यक्ष /प्र.अ. ले सक्रियता देखाउनुपर्छ । त्यसैगरी बिद्यालयले भोगिरहेको आर्थिक , भौतिक, एवं शैक्षिक समस्याहरु समाधानार्थ प्रत्येक महिना प्र.अ.ले अनिवार्य रुपमा अध्यक्ष पदाधिकारी , अभिभावक प्रतिनिधि , शिक्षकका वीचमा छलफल संचालन गर्नुपर्छ ।

व्यवस्थापन समिति गठन हुन नसकेको विद्यालयमा तत्कालै समिति गठन गर्न राजनैतिक दल, नागरिक समाज, शिक्षक , प्रधानाध्यपक आदिको अस्थायी संयन्त्र बनाई काम संचालन गर्नुपर्छ ।

# सन्दर्भ ग्रन्थ


अधिकारी, गोविन्द प्रसाद (२०६१), *स्रोतकोन्द्र स्मारिका,* सुनसरी : इटहरी स्रोतकेन्द्र,इटहरी ।

अधिकारी(भट्टराई), विष्णुमाया(२०५९), *ललितपुर जिल्लाका सार्वजनिक विद्यालयहरुमा सञ्चालित उच्चमाध्यमिक विद्यालयहरुकासमस्या समाधान : एक अध्ययन,* महेन्द्ररत्न क्याम्पस ताहाचलमा प्रतुत शोधपत्र ।

अधिकारी, विष्णुप्रसाद (२०६४), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणली,* काठमाण्डौः आशिष वुक्सहाउस प्रा.लि., वागवजार ।

*अन्तराष्ट्रिय शैक्षिकमञ्च , वर्ष १, अंक ३ (२०५९)* , अनामनगर, काठमाण्डौ ।

आधारभूत प्राथमिक शिक्षण परीयोजना, (२०५५), *प्राथमिक तालिम पुस्तिका* सानेठिमीः लेखक ।

आचार्य , रामप्रसाद (२०६४) *नेपालमा शिक्षा योजना अवधारणा तथा प्रयोग पुस्तिका,* भक्तपुर, शिक्षा विभाग, सानोठीमी ।

*एजुकेशनल फोरम, वर्ष १, अंक २* त्रैमासिक पत्रिका ।

*एजुकेशनल पेजेज* (पाक्षिक ) भाद्र २०६६।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), *शैक्षिक व्यावस्थापन र संगठनात्मक व्यावहार,* काठमाडौ , विद्यार्थी पुस्तक भण्डार, भोटाहटिटी ।

कार्की, हरिवहादुर(२०४७), *पौवेगौडा गा.वि.स.का कामी जातिको अध्ययन* , अप्रकाशित शोधपत्र , काठमाण्डौ , शिक्षाशास्त्र संकाय, त्रि. वि.।

जिल्ला शिक्षा कार्यालय*(२०६३) शैक्षिक दर्पण* , सुनसरी :लेखक ।

*फ्ल्यास रिपोर्ट (२०६६)* ,नेपाल सरकार, पूर्वाञ्चलक्षेत्रिय शिक्षा निर्देशनालय, धनकुटा ।

ढकाल, माधवप्रसाद (२०५६) *शैक्षिक प्रशासन,* काठमाण्डौ , रत्न पुस्तक भण्डार, भोटाहिटी

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, *शिक्षा विभाग (०५८/०५९) , अध्ययन प्रतिवेदन भक्तपुर :* अनुसन्धान तथा विकास शाखा सानो ठीमी ।

पाण्डे, सूर्यप्रसाद (२०६६ कार्तिक १७) , *ढुकढुकीमा मात्र जीवित विद्यालयका व्याथा,* अन्नपूर्ण पोष्ट, मंगलवारे परिशिष्टांक (शिक्षा) पृष्ठ ४,५ ।

पौडेल, लेखनाथ ( २०५४) *नेपालमा शिक्षाको विकास,* काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

फर्मेटिभ अनुसन्धान परियोजना (२०६४) , *सवैका लागि शिक्षा (२००४ - २००९)* , सेरिड, त्रि.वि. ।

भट्टराई,ईश्वरीप्रसाद (२०६१), *विद्यालय शिक्षा सुधारका लागी प्रधानाध्यापक, शिक्षक तथा समाजसेवीको भूमिकाको अध्ययन* (अप्रकाशित शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

मैनाली, रमेश प्रसाद (२०५६), *विद्यालय सुव्यवस्थापनमा प्रधानाध्यापकहरुले सामना गर्नु परेका कठिनाइहरु एक अध्ययन,* अप्रकाशित सोधपत्र, काठमाण्डौः त्रि.वि. केन्द्रिय क्याम्पस, किर्तिपुर ।

राष्ट्रिय योजना आयोग, *आठौ पञ्चवर्षिय योजना ( २०४७-२०५४)* , काठमाण्डौ :लेखक

राष्ट्रिय योजना आयोग, *नवौं पञ्चवर्षिय योजना ( २०५४ - २०५९)* , काठमाण्डौ :लेखक

राष्ट्रिय योजना आयोग, *दशौं पञ्चवर्षिय योजना ( २०५९- २०६४)* , काठमाण्डौ :लेखक

राष्ट्रिय योजना आयोग, *तीन वर्षे अन्तरिम योजना ( २०६४ - २०६७)* , काठमाण्डौ :लेखक

राष्ट्रिय योजना आयोग, *सातौं पञ्चवर्षिय योजना ( २०४२ - २०४७)* , काठमाण्डौ :लेखक

लम्साल, हरिप्रसाद (२०५६) , *शैक्षिक प्रशासन, व्यवस्थापन र निरीक्षण,* काठमाण्डौ उत्सव बुक प्रकासन, पुतलिसडक ।

सरस्वती मा.वि.*(२०६२ - २०६६) विद्यालय सुधार योजना ,* सुनसरी : लेखक इटहरी ३ ।

सिग्देल, बासुदेव, श्रेष्ठ, चन्द्र बहादुर तथा साथीहरु (२०६०),*शैक्षिक प्रशासन र सुपरीवेक्षण,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटि ।

*सोपान मासिक (२०६४)* , डिल्लीवजार , काठमाण्डौ : मकालु प्रकासन गृह ।

शर्मा, गोपिनाथ, (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु* , काठमाण्डाः मकालु बुक्स एण्ड स्टेसनर्स ।

शैक्षिक जनशक्ति विकास केन्द (२०६४) , *सक्षमतामा आधारित एक महिने विद्यालय व्यवस्थापन तालिम पुस्तिका,* भक्तपुर, सानोठिमी ।

*शिक्षक मासिक वर्ष १ अंक ४* , वैशाख २०६५, पाटनढोका ललितपुर, : हिमाल एसोसिएसन

CERID (2010) *InstutionImprovement in Primary School* Kritipur, CERIDD.

Department of Education , *School Level Educational Stastistics of Nepal, at a glance 2064 (2007-2008)* , Sanothimi, Bhaktapur, Author

Department of Education, *Flash 1 Report 2063 ( 2006-2007) ,* Sanothimi, Bhaktapur .

## प्राथमिक विद्यालयमा मानवीय संसाधन तथा भौतिक स्रोतको व्यवस्थापन

अनुसूचि - १

विद्यालयको अवलोकन फारम

विद्यालयको नामः-

ठेगाना :-

अवलोकन मितिः-

क) मानव स्रोत सम्बन्धी बिवरण

१.विद्यालयमा हाल कार्यरत शिक्षकहरुको विवरण :

| क.सं. | शिक्षकको नाम थर | लिङ्ग | नियूक्तिको किसिम | शैक्षिक योग्यता | तालिम | साप्ताहिक कार्यभार |
|---|---|---|---|---|---|---|
| | | | | | | |

२) कर्मचारी विवरण

| क.सं. | शिक्षकको नाम थर | लिङ्ग | पद | नियूक्तिको किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| | | | | | |

३) बिद्यार्थी विवरण

| कक्षा | सेक्सन संख्या | बिधार्थी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | |
| | | | | |

४ शिक्षक, कर्माचारी / बिद्यार्थीको नियमितता

| विवरण | औसत संख्या | जम्मा संख्या |
|---|---|---|
| नियमित उपस्थित हुने | | |
| नियमित उपस्थित नहुने | | |

५) शिक्षक बिद्यार्थी अनुपात

| विवरण | शिक्षक संख्या | बिधार्थी संख्या | अनुपात |
|---|---|---|---|
| | | | |

६) बिद्यार्थी भर्नाको प्रकृति

| कक्षा ( १- ५) | नया भर्ना | कक्षा दोहोऱ्याउने | कक्षा छोड्ने |
|---|---|---|---|
| | | | |

७) क) अतिरिक्त क्रियाकलापको योजना

- योजना वनाईएको / नवनाईएको ।
- संलग्नता शिक्षक / बिद्यार्थी ।
- कार्य विवरण ।
- सरसफाई/हाजिरीजवाफ/फुटवल/वतृत्वकला/हिज्जे/कविता गोष्ठी /नाटक / निवन्ध प्रतियोगिता / अन्य खेलकुद ।

ख) भौतिक सुबिधा

- विद्यालय भवन संख्या :
- कक्षाकोठा संख्या :
- अफिसका लागि छुट्याइएको कोठा :

- बिधालय भवनको अवस्था : पक्की / अर्धपक्की / कच्ची
- विद्यालय भवनको अवस्था : आफ्नै / वहालमा / सार्वजनिक
- झ्याल ढोकाको अवस्था : राम्रो /सामान्य / नराम्रो
- प्रकाश वत्तिको व्यवस्था : भएको / नभएको
- कक्षाकोठा व्यवस्थापन :

# अनुसूची ९
## छनौटमा परेका विद्यालय तथा व्यक्तिहरुको विवरण

| क.स. | विद्यालयको नाम | प्र.अ. को नाम | वि. व्य.स. अध्यक्षको नाम | शिक्षकको नाम |
|---|---|---|---|---|
| १ | श्री कचना माहादेव मा.वि. इटहरी ४ , सुनसरी | श्री केशव प्रसाद सुवेदी | श्री रामप्रसाद भट्टराई | श्री राजन न्यौपाने |
| | | | | श्री तेजप्रसाद सुवेदी |
| २ | श्री कविर मा.वि. इटहरी १ , सुनसरी | श्री नेत्रप्रसाद कोइराला | श्री दानियल सुव्वा | श्री उमेश सुवेदी |
| | | | | श्री मिनु न्यौपाने |
| ३ | श्री वुढीगंगा प्र. वि.. इटहरी ४, सुनसरी | श्री तारा फुएल | श्री खगेन्द्र पौडेल | श्री पम्फा भट्टराई |
| | | | | श्री इन्दीरा विमली |
| ४ | श्री शान्ति प्रा.वि. इटहरी, २ सुनसरी | श्री कृष्ण राई | श्री शिवकुमार राई | श्री सिर्जना नेपाल |
| | | | | श्री मिना शिवा |
| ५ | श्री जनता मा.वि. इटहरी १ | ढुंडी राज सुवेदी | श्री मुक्ति रिजाल | श्री गोविन्द मिश्र |
| | | | | श्री टिका आत्रेय (पौडेल) |